# पूर्व प्राथमिक कक्षाको व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय शैक्षिक योजना
तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम.एड.)
दोस्रो वर्षको आंशिक आवश्यकता
परिपूर्तिको लागि प्रस्तुत

**शोधपत्र**

शोधकर्ता
रमेशचन्द्र पौडेल
एम.एड. दोस्रो वर्ष
क्याम्पस रोल नं. - १२३
परीक्षा रोल नं. - २०४०१२७/२०६७
त्रि.वि. दर्ता नं. - ३८६२९-९०

कनकाई वहुमुखी क्याम्पस
शैक्षिक योजनातथा व्यवस्थापन विभाग
सुरुङ्गा, झापा
२०७२

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)
कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)
स्था : २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :..२०७२/०९/१६......

## सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी **रमेशचन्द्र पौडेल**ले मेरो प्रत्यक्ष निर्देशनमा **पूर्व प्राथमिक कक्षाको व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव** शीर्षकमा तयार पारेको शोधपत्र प्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिश गर्दछु ।

(मोहन प्रसाद ओली)
शोध निर्देशक

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)
कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)
स्था : २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :....२०७२/१०/०५....

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी **रमेशचन्द्र पौडेलले पूर्व प्राथमिक कक्षाको व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव** शीर्षकमा तयार पारेको शोधपत्र शोध मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

१. उप-प्रा. आशा शर्मा सिवाकोटी
विभागीय प्रमुख ..........................................

२. मोहन प्रसाद ओली
शोध निर्देशक ..........................................

३. उप-प्रा. शेषराज अधिकारी
बाहृय परीक्षक ..........................................

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नको लागि यो शोधपत्र तयार पारिएको हो । पूर्व प्राथमिककक्षाको व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव शीर्षक भित्र रहेर यो शोधकार्य सम्पन्न भएको छ । यो शेधपत्र पूर्व प्राथमिक कक्षा व्यवस्थापनले प्राथमिक शिक्षामा के कस्तो असर परेको छ भनी चासो राख्ने जो कोहीलाई पनि अध्ययन गर्ने महत्वपूर्ण सामग्रीको रुपमा विकास भएको छ तसर्थ यो शोधपत्र तयार पार्ने क्रममा प्रस्तावना कार्यदेखी शोधकार्य पूरा गर्नका लागि महत्वपूर्ण निर्देशन, सल्लाह, सुझाव, हौसला एवं मार्ग निर्देशन गर्नुहुने मेरो आदरणीय गुरु तथा शोधनिर्देशक श्री मोहनप्रसाद ओली ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस अध्ययन प्रतिवेदनलाई पूर्णता दिने क्रममा प्रश्नावली भरी साथै छलफलमा सहभागी भै आफ्नो अमूल्य समय उपलब्ध गराइदिनु भएकोमा जिल्ला शिक्षा कार्यालय झापाका जिल्ला शिक्षा अधिकारी श्री डिल्लीराम लुइटेल, विद्यालय निरीक्षक दिनेश आचार्य, स्रोतव्यक्तिहरू भरतलालध्वज कर्ण र गणेश कुमार पौडेलप्रति आभारी छु । अध्ययनलाई पूरा गर्ने क्रममा छनौटमा परेका नमूना विद्यालयहरूमा प्रश्नावली भरी छलफलमा सहभागी भई सहयोग पुऱ्याउनु हुने प्रधानाध्यापकहरू, शिक्षकहरू, सहयोगी कार्यकर्ताहरू, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू, अभिभावकहरू, विद्यार्थीहरूमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, मेरा सम्पूर्ण शुभचिन्तकहरू र कम्प्यूटर टाइप गरी सहयोग गर्नुहुने आत्मीय मित्र श्री शान्तीराम राईलाई विशेष धन्यवाद दिन चाहन्छु ।

रमेशचन्द्र पौडेल

# शोधसार

प्रस्तुत शोधपत्र **पूर्व प्राथमिक कक्षाको व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव** शीर्षकमा तयार गरिएको छ । यस अध्ययनको मुख्य उद्देश्य पूर्व प्राथमिक कक्षाको अनुभव भएका र नभएका बालबालिकाहरूको वास्तविक स्थिति पहिचान गरी दुवै समूहका बालबालिकाहरूले प्राप्त गरेको सिकाइ उपलब्धिको अवस्था र प्रभाव पत्ता लगाउनु हो ।

यो शोधपत्र परिमाणात्मक र गुणात्मक दुवै प्रकृतिको भएकाले मिश्रीत ढाँचामा आधारित छ । यस अध्ययनमा विद्यार्थीहरूको वार्षिक मूल्याङ्कनबाट प्राप्त नतिजालाई प्रमुख आधार मानिएको छ । यस अध्ययनमा तथ्याङ्क संकलन गर्नका लागि प्रश्नावली, अन्तर्वार्ता, अवलोकन जस्ता साधनहरूको प्रयोग गरिएको छ । अध्ययनका लागि झापा जिल्लाका २ वटा स्रोतकेन्द्र हल्दिवारी स्रोतकेन्द्र र गौरादह स्रोतकेन्द्रका ६ वटा पूर्व प्राथमिक कक्षाको व्यवस्थापन भएका विद्यालयहरूमा संभावनायुक्त नमूना छनौट विधि तथा उद्देश्यमूलक नमूना छनौटको आधारमा परेका विद्यालयका प्रधानाध्यापकहरू, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू, अभिभावकहरू, शिक्षकहरू, सहयोगी कार्यकर्ताहरू, विद्यार्थीहरू स्रोत-व्याक्तिहरू, विद्यालय निरीक्षकहरू र जिल्ला शिक्षा अधिकारी नमूनाको रुपमा लिइ प्राथमिक तथ्याङ्क संकलन गरी प्राप्त तथ्याङ्कलाई गुणात्मक रुपले व्याख्या एवं विश्लेषण गरिएको छ ।

नमूना विद्यालयहरूको तीन वर्षको (कक्षा १ को २०६९, कक्षा २ को २०७० र कक्षा ३ को २०७१) नतिजालाई आवश्यक तालिकिकरण गर्नुका साथै व्यख्या विश्लेषण गर्न तथ्याङ्क शास्त्रीय विधिको पनि उपयोग गरिएको छ । सवै सामुदायिक विद्यालयहरूमा पूर्व प्राथमिक कक्षाको अनुभव भएका र नभएका बालबालिकाहरू कक्षा १मा भएका हुनाले पूर्व प्राथमिक कक्षाको व्यवस्थापनले कक्षा १ मा पार्ने प्रभावहरू जस्तै कक्षा दोहोऱ्याउने, कक्षा छाड्ने प्रवृतिमा कमी भई शैक्षिक क्षति न्यून गर्न सहयोग पुग्नुको साथै पूर्व प्राथमिक कक्षाको अध्ययन गरेका बालबालिकाहरूमा सिकाइ उपलब्धि उच्च रही माथिल्ला कक्षामा समेत प्रथम, द्वितीय स्थानहरू हासिल गर्न सफल भएको देखिन्छ । यस अध्ययनबाट कक्षा १ को सिकाइ उपलब्धि न्यून हुनुमा पूर्व प्राथमिक कक्षाको अवधि १ वर्ष मात्र हुनु, परिवारको आर्थिक अवस्था कमजोर हुनु, उमेर नपुगि कक्षा १ मा भर्ना गर्नु, निरन्तर विद्यार्थी मूल्याङ्कन नियमित नहुनु, अशिक्षित अभिभावक हुनु, विद्यार्थीलाई कापी, कलमको व्यवस्था नहुनु, दिवाखाजाको व्यवस्था नहुनु, कमजोर शिक्षण पद्धती अवलम्व नहुनु जस्ता कारणहरू रहेको

पाइयो । सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारणहरूमा पारिवारिक पृष्ठभूमि, अभिभावकको आर्थिक विपन्नता, उपयुक्त वसाई व्यवस्थापनको अभाव, आधुनिक शिक्षण सिकाइ क्रियाकलापको अभाव, शैक्षिक सामग्रीहरूको प्रयोगको अभाव, शिक्षकको उपस्थितिमा अनियमितता, साथी संगत, शिक्षकको व्यवहार, विद्यालय पुग्न लाग्ने समय, पूर्व प्राथमिक कक्षाको कम समय अवधि आदि रहेको पाइयो ।

कक्षा १को सिकाइ उपलब्धिमा वृद्धि गर्न प्रत्येक विद्यालयमा पूर्व प्राथमिक कक्षाको स्थापना गरी उक्त कक्षाको अनुभव लिएका बालबालिकाहरूलाई मात्र कक्षा १ मा भर्ना गर्ने कानूनी प्रावधान हुनु पर्ने, बालबालिकालाई नियमित विद्यालय पठाउनु पर्ने, अभिभावकले विद्यालय पठाउदा किताव, कापी, पेन्सिल जस्ता कुराहरू दिएर पठाउनु पर्ने, कक्षामा खेल सामग्रीको व्यस्थापन हुनुपर्ने, सहयोगी कार्यकर्तालाई नेपाल सरकारले सधैं खुशि वनाउनुपर्ने देखिन्छ । कक्षा १ मा अधिकांश विषय अध्यापन गर्ने शिक्षक एवं पूर्व प्राथमिक कक्षाको सहयोगी कार्यकर्ताहरूको शिक्षण गर्ने ज्ञान, सीप एवं क्षमताको अध्ययन गर्नु जरुरी छ । आज सामुदायिक विद्यालयहरूमा अंग्रेजी भाषाको मोह वढि रहेकोले प्राय सवै विद्यालयले संस्थागत विद्यालयले झैं नर्सरी, लवर किन्डर गार्डन, अपर किन्डर गार्डन कक्षाहरू संचालन गर्ने प्रयास गरेका हुँदा १ वर्षे पूर्व प्राथमिक तहलाई कम्तिमा २ वर्षे वनाउनु पर्ने कुरा सरोकारवालाहरूले उठाएका छन् ।

# विषय सूची


| क्र.सं. | शिर्षक | पेज नं. |
|---|---|---|
| | **परिच्छेद एक : परिचय** | १-१२ |
| १.१. | अध्ययनको पृष्ठभूमि | १ |
| १.२. | समस्याको कथन | ७ |
| १.३. | अध्ययनको औचित्य | ८ |
| १.४. | अध्ययनको उद्देश्य | १० |
| १.५. | अनुसन्धानत्मक प्रश्न | १० |
| १.६. | अध्ययनको परिसिमा | ११ |
| १.७. | पारिभाषिक शब्दावाली | १२ |
| | **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैदान्तिकखाका** | १३-२५ |
| २.१. | सम्बन्धित साहित्यको पुनरावलोकन | १३ |
| २.२. | सैदान्तिक खाका | १७ |
| | २.२.१.वालविकास सम्बन्धी सिद्धान्तहरु | १८ |
| | २.२.२. वालविकास सम्बन्धी सिद्धान्त र प्रारम्भिक वालविकास कार्यक्रम | २० |
| | २.२.३. सन् २०१५ सम्ममा प्रारम्भिक वालवविकास केन्द्र र उमेर (०-५) वर्ष | २२ |
| २.३. | अध्ययनका लागि पुनरावलोकनको उपादेयता | २५ |
| | **परिच्छेद तीन : अध्ययनविधि र प्रक्रिया** | २६-२७ |
| ३.१. | अनुसन्धानको ढाँचा | २५ |
| ३.२. | अध्ययनको जनसंख्या र नमूना छनौट | २६ |
| ३.३. | तथ्याङ्कका स्रोतहरु | २७ |
| | ३.३.१. प्राथमिक स्रोत | २७ |
| | ३.३.२. सहायक स्रोत | २७ |
| ३.४. | तथ्याङ्क संकलनका साधनहरु | २७ |
| ३.५. | तथ्याङ्क सङ्कलनप्रक्रिया | २७ |
| ३.६. | तथ्याङ्कको व्याख्या र विश्लेषणप्रक्रिया | २७ |
| | **परिच्छेद चार : नतिजाको छलफल** | २८-४२ |
| ४.१. | सिकाइउपलब्धिको तुलनात्मकपहिचान | २९ |

४.२. स्रोतकेन्द्रगतसिकाइउपलब्धिविश्लेषण ३०

४.३. विद्यालयगतआन्तरिक सक्षमता ३१

४.३.१. कक्षा छाड्ने दर ३१

४.३.२. कक्षा दोहोऱ्याउने ३२

४.३.३. कक्षा उत्तीर्ण दर ३३

४.४. लक्षित समूहसंगको छलफलबाटप्राप्त सूचनाहरु ३४

४.५. सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारणहरुको विश्लेषण ३९

४.५.१. परिवारिक पृष्ठभूमि ३९

४.५.२. अभिभावकको आर्थिक विपन्नता ३९

४.५.३. उपयुक्त वसाइ व्यवस्थापनको अभाव ३९

४.५.४. आधुनिक शिक्षण सिकाइक्रियाकलापको अभाव ४०

४.५.५. शैक्षिक सामग्रीहरुको प्रयोगको अभाव ४०

४.५.६. शिक्षकको उपस्थितिमाअनियमितता ४०

४.५.७. शिक्षकको व्यवहार ४१

४.५.८. विद्यालयपुग्नलाग्ने समय ४१

४.५.९. पूर्व प्राथमिककक्षाको समय अवधि ४१

४.६. सिकाइ उपलब्धिमा असर पार्ने सकारात्मक र नकरात्मकतत्वहरुको पहिचान र विश्लेषण ४१

४.६.१. सकारात्मक तत्वहरु ४२

४.६.२. सुधार गर्नु पर्ने पक्ष ४२

**परिच्छेद पाँचः निश्कर्ष र सुझावहरु** ४५-४८

५.१. निश्कर्ष ४५

५.२. सुझावहरु ४६

५.२.१. नीतिगत तह ४६

५.२.२. कार्यान्वियन तह ४७

५.२.३. अनुसन्धान तह ४८

सन्दर्भसामग्री

अनुसूची

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव जीवन जन्मबाट सुरु भएर मानव विकासका विभिन्न चरणहरू पार गर्दै मृत्युमा अन्त्य हुन्छ। मानव जीवनमा औपचारिक शिक्षाको शुरुवात पूर्व प्राथमिक कक्षाबाट शुरू हुन्छ । यिनीहरूलाई वालविकास केन्द्र वा पूर्व प्राथमिक कक्षा भनेर भनिन्छ । नेपालमा प्रारम्भिक वालविकास केन्द्र/पूर्व प्राथमिक कक्षाको इतिहास धेरै लामो छैन । नेपालका सार्वजनिक विद्यालयहरूको विस्तारसँगै कक्षा १ को पढाइका लागि तयार भई नसकेका विद्यार्थीहरूलाई शिशु कक्षामा भर्ना गरी छुट्टै समूह वा कोठामा राखेर पढाउने परम्परा शुरु भएको हो । सन् १९५० मा देशको राजधानी काठमाण्डौको लेवोरेटोरी विद्यालयमा स्थापना भएको मन्टेश्वरी कक्षालाई नेपालको पहिलो प्रारम्भिक वालशिक्षा दिने विद्यालयको रुपमा लिइन्छ। सन् १९६२ मा नेपाल वाल संगठनको स्थापनाले प्रारम्भिक वालशिक्षा सेवाहरूलाई संगठित रुपमा विस्तार गर्नकालागि नेतृत्व प्रदान गऱ्यो । यो संस्थाले देशको प्रत्येक जिल्लामा एउटा वालहेरचाह केन्द्र स्थापना गरेको छ । त्यस्तै सन् १९७५ देखि निजी क्षेत्रद्वारा सञ्चालित विद्यालयहरूले नर्सरी र किन्डरगार्डन कक्षाहरू संचालन गरेर शहरी क्षेत्रका वालवालिकाहरूलाई प्रारम्भिक शिक्षा दिन थालेको पाइन्छ। हाल आएर निजी क्षेत्रद्वारा सञ्चालित यस्ता विद्यालयहरू प्रत्येक शहरी क्षेत्रमा स्थापित भई सकेका छन् । सन् १९७९ मा सेतो गुराँस राष्ट्रिय वाल विकास सेवा (गैरसरकारी संस्था) ले दलित वालवालिकाहरूका लागि पहिलो वाल विकास केन्द्र ललितपुर जिल्लामा स्थापनागरि वाल विकासको क्षेत्रमा प्रारम्भिक कक्षा शुरुवात गऱ्यो । यसरी १९६० को दशकपछि फाटफुट रुपमा शुरु भएका निजी विद्यालयहरूमा पूर्वप्राथमिक तहको शैक्षिक कार्यक्रमलाई विद्यालयको अभिन्न अंगका रुपमा अघि वढाइएको थियो । सन् १९८० पछि खुलेका हजारौ निजी विद्यालयहरू मध्ये प्राय सवैजसो विद्यालयहरूमा पूर्व प्राथमिक कक्षा संचालित छन्। हाल मूलुक भर ३४,१९३ वटा प्रारम्भिक वाल विकास केन्द्र । पूर्व प्राथमिक कक्षाहरू संचालनका छन् । (Flash Report,२०७० शिक्षा विभाग)

आधुनिक सोच अनुसारको प्रारम्भिक वालविकास कार्यक्रम सन् १९९० को दशकमा विश्वव्यापी रुपमा चलेको वालअधिकारवादको लहरसँगै नेपालमा पनि केही समुदायमा आधुनिक ढाँचाका वालविकास कक्षाहरू फाटफुट रुपमा शुरु भएका छन् । संयुक्त राष्ट्र संघीय निकायहरू मुख्य गरेर युनिसेफ, युनेस्को र अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरूले सन् १९८० को दशकको अन्ततिर र १९९० को दशकको शुरुमा गरेको योगदानहरू नेपालमा प्रारम्भिक वालविकास कार्यक्रमहरूको विकासमा अत्याधिक महत्वपूर्ण मानिएका छन् । युनिसेफ र युनेस्कोले सरकारी साथै गरैरसकारी संस्थाहरूसंगको सहकार्य अन्तर्गत हुने प्रारम्भिक वालविकास कार्यक्रमहरूको कार्यन्वयनमा आफ्ना सहयोगहरू विस्तार गरेका छन् । यसरी शुरुका दिनहरूमा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूको प्रेरणा र प्रोत्साहनमा विभिन्न समुदायका घर दलानमा सुरु गरिएका यि कक्षाहरूले त्रिभुवन विश्वविद्यालय शिक्षा विकास तथा अनुसन्धान केन्द्र सेरिडको संयोजनमा केही सार्वजनिक विद्यालयहरूमा पनि विस्तार हुने मौका पाएको देखिन्छ ।

सन् १९९७ मा शुरु भएको शिक्षा विभागको आधारभूत प्राथमिक शिक्षा परियोजना (BPEP) कार्यक्रम अन्तरगत शिशु कक्षा कार्यक्रम सरकारवाट शुरु भएको प्रमुख परियोजना हो । केही वर्षको अवधिमै यो परियोजना नेपालको मुख्य परियोजनाहरू मध्ये एक हुनपुगेको छ । जसले धेरै जिल्ला र स्थान समेटेको छ । यस परियोजनाले विशेषगरि शिशु कक्षा कार्यक्रममा जोड दिदै आएको छ । मुलतः शिशुकक्षा कार्यक्रम संचालनगर्नको प्रारम्भिक लक्ष्यहरू कक्षा १ वाट कम उमेरको वालवालिकाहरूलाई हटाउनु, कक्षा १ मा देखिएको कक्षा दोहोर्‍याउने दरमा कमी ल्याउनु, उत्तीर्ण दरमा वृद्धि गर्नु, सिकाइ उपलब्धिमा वृद्धि गर्नु र प्राथमिक शिक्षाको शैक्षणिक अभ्यासहरूमा सुधार ल्याउनु थियो । तथापि विस्तारै यसका विकासात्मक लक्ष्यहरू क्रमशः कक्षा १ मा प्रवेश गराउनु पूर्व नै प्रारम्भिक वालविकास केन्द्रमा वालवालिकाहरू तयार पार्ने, त्यसपछि ३ देखि ५ वर्ष उमेरका वालवालिकाहरूको समग्र विकास गराउने तर्फ परिवर्तन भएका छन् । प्रारम्भिक वालविकास केन्द्रहरूलाई देशभरी विस्तारगर्नमा शिक्षा विभागले नेतृत्वदायी भुमिका खेलेको छ ।

शिक्षा विभागले सवैका लागि शिक्षा कार्यक्रम अन्तर्गत समुदाय र विद्यालयमा आधारित प्रारम्भिक वालविकास कार्यक्रमहरू संचालन गरिरहेको छ ।

आधारभुत तथा प्राथमिक शिक्षा कार्यक्रम दोस्रो (१९९०-२००४) को अन्त्य सम्ममा नेपालमा जम्मा ५०२३ प्रारम्भिक वालविकास कार्यक्रमहरू संचालन भएका थिए । सवैको लागि शिक्षा कार्यक्रम (२००४ - २००९) को पहिलो वर्ष देश भरि थप २००० प्रारम्भिक वालविकास केन्द्र । पूर्व प्राथमिक कक्षाहरू स्थापना गर्ने योजना राखिएको थियो । सन् २०१२ को अन्त्यमा शिक्षा विभाग अन्तरगत लगभग ३४,१९३ वटा प्रारम्भिक वालविकास केन्द्र/पूर्व प्राथमिक कक्षाहरू संचालनमा आएका छन् (Flass Report २०७० शिक्षा विभाग) । वालविकास केन्द्र/पूर्व प्राथमिक कक्षाहरूको संख्या प्रत्येक वर्ष बढीरहेको छ । वढ्दो संख्यामा वालविकास केन्द्रहरूको स्थापनासंगै राष्ट्रिय प्रारम्भिक वालविकास पाठ्यक्रमको विकास, राष्ट्रिय न्यूनतम् मापदण्डको मार्गदर्शक पुस्तिका २०६७, तालिम कार्यक्रमहरू र प्रारम्भिक वालविकासमा आवद्ध संगठनहरू वीचको सञ्जालमा शिक्षा विभागको योगदान अत्याधिक रहेको छ ।

सन् २००० को डकार कार्यढाँचाद्वारा निर्धारित ६ वटा उद्देश्यहरू मध्ये यो पहिलो प्रमुख उद्देश्यको रुपमा प्रारम्भिक वालविकासलाई समेटिएको छ । उक्त कार्य ढाँचालाई नेपालले वनाएको सवैकालागि शिक्षाको राष्ट्रिय कार्ययोजनामा यथावत ग्रहण गरिएबाट यसले शिक्षाको राष्ट्रिय कार्यक्रमको प्रमुख एजेन्डा स्वरुप प्राप्त गरेको छ । विगतमा प्रारम्भिक वालविकास कार्यक्रमलाई वालवालिकाको विकासको शैक्षिक पक्षमा जोड दिई पूर्व प्राथमिक कक्षाको रुपमा संचालनगरि आएकोमा हाल यस कार्यक्रमबाट वालवालिकाहरूको शारिरिक, मानसिक सामाजिक र संवेगात्मक चारवटा पक्षको समष्टिगत विकासमा जोड दिएको छ ।सवैकालागि शिक्षा राष्ट्रिय कार्ययोजना (सन् २००१ - २०१५) मा उल्लेखित प्रारम्भिक वाल शिक्षा तथा वाल विकासका कार्यक्रमका लक्ष्यहरूले नै विद्यालय क्षेत्र सुधार योजनामा प्रारम्भिक वालशिक्षा तथा विकास कार्यक्रमको कार्यान्वयनकालागि आधार प्रदान गरेको छ । यसका अतिरिक्त नेपालमा प्रारम्भिक वालशिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षाको विस्तार र सेवा प्रवाह गर्न संस्थागत विद्यालयहरूको योगदान उल्लेखनीय रहेको छ ।

प्रारम्भिक वाल्यावस्थाले वालवालिकाको भावी जीवनमा महत्वपूर्ण प्रभाव पर्दछ । गर्भदेखि ६ वर्ष सम्मको उमेरलाई प्रारम्भिक वाल्यावस्थामा लिइने हुँदा यस उमेरका वालवालिकाको सर्वाङ्गगीण विकासका लागि उचित वातावरण प्रदानगर्न सकेमा मात्र उनीहरू पूर्ण मानव वन्न सक्छन् । त्यसबाट मात्र देशलाई आवश्यक पर्ने

जनशक्तिको परिपूर्ति सम्भव हुन्छ । यसकालागि प्रारम्भिक वालविकास कार्यक्रमको प्रमुख भुमिका रहन्छ । हाम्रो देशको परिपेक्षमा ३-४ वर्षका वालवालिकाहरूलाई मात्र प्रारम्भिक वालविकास कार्यक्रमको व्यवस्था भएकोले यी वालवालिकाहरूका लागि कार्यक्रम सुनिश्चित गर्न प्रारम्भिक वालविकास केन्द्र/पूर्वप्राथमिक कक्षाको प्रावधान अनुरुप यस तहकालागि पाठ्यक्रम तयार गरिएको छ । जसले वालविकास केन्द्र/पूर्वप्राथमिक कक्षाको वालवालिकामा अन्तरनिहित प्रतिभाको विकासगरि उनीहरूलाई आत्मविश्वासी आफुलाई सुरक्षित अनुभव गर्ने, स्वाभिमानी, सहयोगी तथा स्वावलम्वी वनाउन आवश्यक वातावरणको व्यवस्था गर्न सहयोगी शिक्षकलाई मद्धत पुऱ्याउने छ । (शिक्षा विभाग, २०६२) ।

प्रारम्भिक वाल्यावस्थामा उचित विकास र सिक्ने अवसर पाउनु प्रत्येक वालवालिकाको पहिलो अधिकार हो । यस अधिकारको सुनिश्चित गर्नको निम्ति राज्यले वालविकास सम्वन्धी विभिन्न कार्यनीति अवलम्वन गर्छ । शिक्षा मन्त्रालयले प्रारम्भिक वालविकास कार्यक्रम अन्तरगत ३ वर्ष देखि ५ वर्ष सम्मका वालवालिकाहरूलाई लक्षितगरी समुदायमा वालविकास केन्द्र र सामुदायिक विद्यालयमा पूर्व प्राथमिक कक्षाको रुपमा प्रारम्भिक वालविकास सञ्चालन गरेको छ । प्रारम्भिक वालविकास कार्यक्रमको प्रभावकारिता, कार्यक्रमको गुणस्तर र आर्थिक लगानी, सहजकर्ता र वाल वालिकाको संख्या, भौतिक अवस्था तथा सिकाइ सामग्रीमा निर्भर गर्दछ । वाल विकास केन्द्रलाई वालवालिकाकालागि वालमैत्रीपूर्ण अवस्थाको विकास गर्नुपर्ने देखिन्छ । त्यसकालागि वालविकास केन्द्रको न्यूनतम मापदण्डका आधारमा वालवालिकाको उमेर सुहाउदो उपयुक्त भित्री तथा वाहिरी सिकाइ वातावरणको व्यवस्थापन हुनुपर्दछ । त्यसैले यस अध्ययानमा झापा जिल्लाको २ वटा स्रोतकेन्द्र अन्तर्गतका ६ वटा विद्यालयमा सञ्चालित ६ वटा पूर्व प्राथमिक कक्षाको व्यवस्थापनले वालवालिकाको सिकाइमा प्रत्यक्ष प्रभावपार्ने तत्वहरू र कक्षा १ को सिकाइ उपलब्धिमा पारेको प्रभाव अध्ययनकोलागि यो प्रस्तावना पत्र तयार गरिएको छ ।

वालविकास केन्द्र/पूर्व प्राथमिक कक्षा प्रारम्भिक वाल्यावस्थाको विकास सम्वन्धी अधिकार सुनिश्चित गर्ने एउटा प्रमुख थलो हो । प्रारम्भिक वालविकास कार्यक्रम नेपालमा सवैकालागि शिक्षा सम्वन्धि राष्ट्रिय कार्य योजना र सवैकालागि

कार्यक्रमको अभिन्न अंग हो । नेपाल सरकार शिक्षा मन्त्रालय प्रारम्भिक वालविकास कार्यक्रम र पूर्व प्राथमिक शिक्षा मार्फत आधारभुत तथा प्राथमिक शिक्षामा वालवालिकाहरूको पहुँच सुनिश्चित गर्न प्रतिबद्ध छ । मन्त्रालयले वालविकास कार्यक्रमको औचित्यलाई महशुस गरी वाल विकास केन्द्र/पूर्व प्राथमिक कक्षा स्थापनालाई आफ्नो प्रमुख क्रियाकलापको रुपमा लिएको छ । प्रारम्भिक वालविकास सम्बन्धी हालै भएका केही अध्ययनले प्रारम्भिक वालविकास कार्यक्रमको अनुभव पाएका वालवालिकाहरू विद्यालयको वातावरणमा छिटो र वढी घुलमिल हुन सक्नेगरी तयार भएका छन् भन्ने कुरा प्रमाणित गरेको छ ।

विज्ञान सम्बन्धी अनुसन्धान, आर्थिक लगानी र प्रतिफल सम्बन्धी विश्व वैंकको अध्ययन प्रतिवेदन र प्रारम्भिक वालविकास सम्बन्धी अध्ययनहरू अनुसार प्रारम्भिक वालविकासमा भएको उचित लगानीले राम्रो राष्ट्रिय जनशक्ति तयार भएको देखिन्छ । विश्व वैंकको एक अध्ययन अनुसार प्रारम्भिक वालविकासमा एक अमेरिकी डलर लगानी गर्दा त्यसको प्रतिफल १७ अमेरिकी डलर सम्म भएको छ । त्यस्तै नेपालमा पनि वालविकास केन्द्र/पूर्व प्राथमिक कक्षामा नियमित सहभागी भएका वालविकाहरूले कक्षा १ मा भर्ना भइसकेपछि कक्षामा नियमित हाजिरी दर, कक्षा उर्त्तीण दर र सिकाइ उपलब्धिमा वृद्धि एवं कक्षा छोड्ने, दोहोऱ्याउने दरमा कमी र त्यही कक्षामा वाल विकास केन्द्र/पूर्व प्राथमिक कक्षामा सहभागी नभएका वालवालिकाहरूमा उक्त किसिमको राम्रो प्रतिफल प्राप्त हुन नसकेको वालविकास कार्यक्रम प्रभावकारिता अध्ययनहरूले देखाएका छन् । (शिक्षा विभाग, २०६९)

नेपालको शिक्षामा प्रारम्भिक वालविकास कार्यक्रमले उल्लेख्य भूमिका खेलेको विषयमा प्रशस्त उदाहरणहरू पाइन्छन् ।हालै भएको एक अध्ययनले प्रारम्भिक वालविकासको अनुभाव लिएका वालवालिकाहरूको कक्षा एकवाट दुईमा जाने कक्षोन्नति दर, प्रारम्भिक वालविकासको अनुभव नलिएको वालवालिकाहरूको सोही दर ४२% को दाँजोमा ८३% रहेको देखाएको छ । त्यस्तै प्रारम्भिक वालविकासको अनुभव भएका वालवालिकाहरूको कक्षा दोहोऱ्याउने दर सो अनुभव नभएका वालवालिकाहरूको ३७% को दाँजो ६% मात्र रहेको र प्रारम्भिक वाल विकासको अनुभव नभएका वालवालिकाहरूको २२% कक्षा छाड्ने दरको दाँजोमा त्यस्तो अनुभव हुनेको ११% मात्र रहेको देखिको छ (युनेस्को २०६६) । आधारभुत तथा प्राथमिक शिक्षा

कार्यक्रम अन्तर्गत प्रारम्भिक वालविकास कार्यक्रमहरूको सम्वन्धमा गरिएका अध्ययनहरूले पनि गरिवी प्रभावित क्षेत्रमा यो कार्यक्रम सञ्चालन तथा विस्तार धेरै महत्वपूर्ण रहेको पुष्टि गरेका छन् । अभिभावकहरूलाई आय आर्जनका क्रियाकलापमा संलग्न हुन फुर्सद दिने र विद्यालय उमेर नपुगेका विद्यार्थी भर्ना गर्नु पर्ने स्थितिलाई रोक्न मद्धत गर्ने भएकाले प्रारम्भिक वालविकास कार्यक्रमले गरिवीको चपेटालाई कमगर्न सघाउ पुऱ्याएको छ । साथै छोरीहरूलाई विशेष गरेर आफ्ना भाइवहिनीको रेखदेख गर्ने काम जिम्मा दिइने चलन रहेकोले प्रारम्भिक वाल विकास कार्यक्रमको विस्तारवाट यसलाई कमगरी उनीहरूलाई प्राथमिक विद्यालयमा पढाउन र पढाइमा निरन्तरता दिन सकारात्मक प्रभाव पार्न सक्ने अपेक्षा गरिएको छ ।

मण्टेस्वरी विधि अनुसार वालवालिकालाई गीत, खेलकुद तथा क्रियाकलापहरूद्वारा सिकाइएमा उनीहरूमा अन्तरनिहित गुणको स्वतः स्फूरण हुन्छ । नानीहरूका लागि कितावी ज्ञान निषेधित गरिएका छन् । तर विडम्वना के छ भने हाम्रो देशमा ससाना नानीहरूलाई कितावको भारी वोकाएर स्कूल पठाउने चलन छ । अभिभावकहरू पनि खेलकूद तथा क्रियाकलापहरू भन्दा गृहकार्य नै रुचाउँछन् । औपचारिक पठनपाठनले नानीहरूमा अन्तरनिहित गुणको विकास हुनुको सट्टा कुण्ठित हुन्छ ।

सवैका लागि शिक्षा कार्यनीति अन्तर्गत संचालित वालविकास केन्द्रको द्रुत गतिमा भएको विस्तारले ३ देखि ५ वर्ष उमेरका वालवालिकाको वालविकास सम्बन्धी सेवाको पहुँचमा वृद्धि भएको छ । तर आवश्यकता अनुरुपको स्रोत तथा साधनको अभावका कारण वालविकास केन्द्र व्यवस्थापनका पक्षमा केही कमी कमजोरी देखा परेको छ । हुनत शिक्षा नियमावली २०४९ ले शिशु विकास केन्द्र स्थापना गर्नकालागि

क) फराकिलो, खुला, शान्त, सुरक्षित भवन भएको

ख) भवन वाहेक आधा रोपानी वा एक कट्ठा जग्गा भएको

ग) वाल उद्यानको व्यवस्था भएको

घ) सफा, स्वच्छ खानेपानी र शौचलायको व्यवस्था भएको

ङ) कमीतमा दुइजना सुसारेहरू भएको जस्ता पूर्वाधार पुरा गरेको हुनुपर्नेछ भनी तोकेको छ

माथि उल्लेखित अवस्था र समस्याका आधारमा प्रारम्भिक वालविकासको महत्व र यसले पार्ने प्रभावको वारेमा खोजि गरी सम्बन्धीत पक्षलाई सुधारात्मक सुझाव समेत प्रस्तुत गर्न यस अध्ययनको शीर्षक पूर्व प्राथमिक कक्षाको व्यवस्थापनले सिकाइ उपब्धिमा पारेको प्रभाव राखि अध्ययन गरियो ।

## १.२. समस्याको कथन

वालविकास केन्द्र/पूर्व प्राथमिक कक्षा प्रारम्भिक वाल्यावस्थाको विकास सम्बन्धी अधिकार सुनिश्चित गर्ने एउटा प्रमुख थलो हो । प्रारम्भिक वालविकास कार्यक्रम नेपालमा सवैकालागि शिक्षा सम्बन्धी राष्ट्रिय कार्य योजना र सवैका लागि शिक्षा कार्यक्रमको अभिन्न अंग हो । नेपाल सरकार शिक्षा मन्त्रालय प्रारम्भिक वालविकास कार्यक्रम र पूर्व प्राथमिक शिक्षा मार्फत आधारभूत तथा प्राथमिक शिक्षामा वालवालिकाहरूको पहुँच सुनिश्चित गर्न प्रतिवद्ध छ । मन्त्रालयले वाल विकास कार्यक्रमको औचित्यलाई महसुस गरि वालविकास केन्द्र/पूर्व प्राथमिक कक्षा स्थापनालाई आफ्नो प्रमुख क्रियाकलापको रुपमा लिएको छ । प्रारम्भिक वाल विकास सम्बन्धी हालै भएका केही अध्ययनले प्रारम्भिक वालविकास कार्यक्रमको अनुभव पाएका वालवालिकाहरू विद्यालयको वातावरणमा छिटो र बढी घुलमिल हुन सक्ने गरी तयार भएका छन् भन्ने कुरा प्रमाणित गरेको छ ।

वालविकास केन्द्र पढेर कक्षा १ मा भर्ना भएका वालवाविकाहरू अनुशासित हुन्छन् । उनीहरूमा सिकाइका लागि आधार वनी सकेको हुन्छ । वालवालिकाहरू आवश्यक सामग्रीहरू किताव, कापी, पेन्सिल झोलामा राखेर नियमित रुपले विद्यालय आउदछन् । उनीहरू विद्यालयबाट भाग्दैनन् । साथी संग मिलेर कक्षामा बस्ने हुन्छन् । वालविकास केन्द्र नपढि कक्षा १ मा भर्ना भएका वालविकाहरू सिकाइको कमजोर पक्ष भित्र पर्दछन् । उनीहरू विना आधार कक्षा कोठामा आइपुग्छन् । उनीहरू कापी, पेन्सिल किताव टिफिन जस्ता आवश्यक सामग्रीहरू विद्यालयमा लिएर आउदैनन् । उनीहरू कक्षामा रुने, झगडा गर्ने जस्ता असामाजिक क्रियाकलापहरू देखाउने गर्दछन् ।

कक्षा १ मा भर्नाहुन आउने विद्यार्थीहरू विभिन्न समस्याका हुने गर्दछन् । उदाहरणका लागि कम उमेरका वालवालिकाहरू भर्ना भएका छन् । पूर्व तयारी विना विद्यार्थी भर्ना गर्न बाध्य हुनु । वालवालिकाको शारीरिक, मानसिक सामाजिक र

संवेगात्मक पक्षको विकासमा सहयोग नपुग्नु । उनीहरू कितावी ज्ञानमा मात्र सिमित हुनु । वालकहरूमा आत्मविश्वास र सुरक्षित वातावरण नहुनु । यी विविध प्रकारका वालवालिकाहरूलाई एउटै कक्षामा राखी कक्षा १ मा पढाउदा ज्यादै कठिनाई हुन्छ । उक्त समस्याको न्यूनिकरण गर्न यस पूर्व प्राथमिक कक्षाको व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव शीर्षकलाई समस्याको रुपमा लिइ अनुसन्धान तथा खोजी गर्ने प्रयास गरिएको छ ।

वालविकास केन्द्र/पूर्व प्राथमिक कक्षाको वारेमा यस भन्दा अगाडि गरिएका खोज तथा अनुसन्धानले पूर्व प्राथमिक कक्षाले कक्षा १ को सिकाइ उपलब्धिमा पारेको प्रभाव मात्र अध्ययन गरेको पाइयो । तर समग्र वालविकास कार्यक्रमको नै प्रभावकारिता अध्ययन गरि सरोकारवाला सवै पक्षहरू स्रोत केन्द्र, जिल्ला शिक्षा कार्यालय शिक्षा विभाग र शिक्षा मन्त्रालय सवै पक्षलाई यस अनुसन्धानले आंसिक सहयोग पुग्ने देखिनेछ ।

शिक्षा विभागले पनि वालविकास केन्द्रको गुणस्तरमा आवश्यक सुधार ल्याउन राष्ट्रिय स्तरमा न्यूनतम मापदण्ड तय गरेको छ । तर पनि विभिन्न अध्ययनहरूले धेरै जसो वाल वालविकास केन्द्रहरूमा उपयुक्त भौतिक पूर्वधार नहुनुले वालविकास केन्द्रको व्यवस्थापन र गुणस्तरमा समस्या देखिएको छ । यस झापा जिल्लाका सामुदायिक विद्यालयमा पूर्व प्राथमिक कक्षाको व्यवस्थापनले पूर्व प्राथमिक कक्षाको अनुभाव लिइ कक्षा १ मा भर्ना भएका र सोझै कक्षा १ मा भर्ना भएका वालवालिकाहरूको बीचमा सिकाइ उपलब्धिमा परेको प्रभाव अध्ययन गर्न "पूर्व प्राथमिक कक्षाको व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव" शीर्षकको शोध पत्रले समग्र वालविकास कार्यक्रमकै प्रभावकारितालाई मुख्य समस्याको रुपमा लिई अध्ययन गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

वालवालिकाहरू भविष्यका कर्णधार, देश निर्माणका खम्वा, आउँदो पुस्ताको सदस्य यि विविध नामले चिनिन्छन् । शिक्षा हाँसिल गर्न पाउने वालवालिकाहरूको नैसर्गिक अधिकारको रुपमा अन्तराष्ट्रिय मान्यता स्थापित छ । वालवालिकाहरूको हक अधिकार सुनिश्चितताकालागि महासन्धिहरू अनुमोदित भएका छन् । शैक्षिक कार्यक्रमहरू वालवालिकाहरूको सर्वाङ्गिण विकासका लागि परिलक्षित छन् । राज्यले

३-५ वर्ष उमेर समूहका वालवालिकाहरूको सर्वाङ्गिण विकास र प्राथमिक शिक्षाको तयारीको रुपमा शैक्षिक कार्यक्रम संचालन गर्ने क्रममा पूर्व प्राथमिक कक्षा अर्थात वालविकास केन्द्रहरू संचालन गर्ने नीतिगत व्यवस्था गर्नुका साथै उक्त कार्यक्रमलाई द्रुत गतिमा विस्तार गरिएको छ । फलतः मुलुकका सामुदायिक विद्यालयहरूमा पूर्व प्राथमिक कक्षा अथवा वालविकास केन्द्रको अनुभाव लिएर आएका र सोझै कक्षा १ मा भर्ना हुने गरी दुई किसिमका विद्यार्थीहरू कक्षा १ मा अध्ययन गरिरहेको अवस्था छ ।

झापा जिल्लामा पनि३६९ वटा सामुदायिक विद्यालयहरूमा७०५ वटा पूर्व प्राथमिक कक्षाबाट आएका विद्यार्थीहरू र सोझै कक्षा १ मा भर्ना हुने विद्यार्थीहरूगरी २ किसिमका विद्यार्थीहरू नै कक्षा १ मा अध्ययन गरिरहेको अवस्था छ । यसरी शैक्षिक वातावरणको अनुभव लिई आएका र सोझै घरबाट एक्कासी विद्यालयमा आएका वालवालिकाहरूवीचमा धेरै किसिमका तत्वहरूले सिकाइमा असर पुऱ्याइ रहेको हुन्छ भन्ने तथ्यहरू सार्वजनिक वहसको रुपमा आइरहने गर्दछ ।

पूर्व प्राथमिक कक्षा अनुभव लिएर आएका वालवालिकाहरू कक्षा १ को शैक्षिक वातावरणमा छिटो घुलमिल हुने, शैक्षिक क्रियाकलापहरूमा सक्रिय सहभागिता रहने, नियमित उपस्थिति रहने र सोझै कक्षा १ मा भर्ना हुन आएका वालवालिकाहरूमा विद्यालयको वातावरणमा घुलमिल हुन समय लाग्ने, नियमित उपस्थिति कम हुने, बीचैमा विद्यालय छाड्ने विद्यलाय आउन कठिन महसुस गर्ने जस्ता प्रवृतिहरू देखा पर्ने गरेको पाईन्छ । त्यसैले पूर्व प्राथमिक कक्षाको अनुभव लिएर आएका वालवालिकाहरूमा तुलनात्मक रुपले सोझै कक्षा १ मा भर्ना हुन आएका वालवालिकाहरूको भन्दा सिकाइ उपलब्धि उच्च रहने, कक्षा छाड्ने दरमा कमी, कक्षा दोहोऱ्याउने दरमा कमी भई शैक्षिक क्षती कम भएको तत्थ्यहरू सार्वजनिक भएका छन् । यसै सन्दर्भमा सम्भावनायुक्त छनौटको आधारमा पूर्व प्राथमिक कक्षा सञ्चालन भएका विद्यालयहरू छनौट गरी अध्ययन गर्नुको औचित्य निम्नानुसार रहेको छ ।

क) सोझै कक्षा १ मा भर्ना भएका वालवालिकाहरूको भन्दा पूर्व प्राथमिक कक्षाको अनुभव लिएर आएका वालवालिकाहरू तुलनात्मक रुपमा राम्रो हुनेहुनाले यी

दुवै पक्षका वीचमा अध्ययनगरी वास्तविक अवस्था पहिचान गरी सम्बन्धीत पक्षलाई जानकारी दिन

ख) आगामी दिनमा विद्यालय वा अन्य सरोकारवाला पक्षलाई वालविकास र सिकाइ सम्बन्धी कार्यक्रमहरू निर्धारण गर्न सहयोग पुग्ने

ग) यस पछिका दिनमा वाल विकास र सिकाइ सम्बन्धी गहन अध्ययनगर्ने क्रममा खोज तथा अनुसन्धान गर्न सन्दर्भ सामग्रीको रुपमा उपयोग गर्न

घ) वालवालिकाहरूको शैक्षिक विकासमा कामगर्ने शिक्षा कर्मीहरू, शैक्षिक नीति निर्माताहरू, शैक्षिक कार्यक्रमहरू संचालन गर्ने संघ संस्थाहरूको लागि मार्ग निर्देशकको रुपमा रहने

## १.४ अध्ययनको उद्देश्य

कुनै पनि अध्ययन अनुसन्धान गर्नकालागि उद्देश्यको निर्धारण गरिन्छ । उद्देश्यविनाको खोज अनुसन्धान भनेको वाटो विराएको मान्छे जस्तै हो । अध्ययन अनुसन्धानका क्रममा उद्देश्यलाई मार्ग चित्रको रुपमा लिन सकिन्छ । यस अध्ययनको सामान्य उद्देश्य झापा जिल्लाका सामुदायिक विद्यालयहरूमा पूर्व प्राथमिक कक्षाको व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभावहरू पत्ता लगाउनु संग सम्बन्धीत भएकाले यस अनुसन्धानको विशिष्ट उद्देश्यहरू निम्न अनुसार राखि अध्ययन गरिएको छ ।

क) पूर्व प्राथमिक कक्षाको अनुभव भएका र नभएका बालवालिकाहरूको वास्तविक सहभागिताको स्थिति पहिचान गर्न ।

ख) दुवै समूहका वालवालिकाहरूले प्राप्त गरेको सिकाइ उपलब्धिको बीचमा तुलना गर्न ।

ग) पूर्व प्राथमिक कक्षाले सिकाइ उपलब्धिमा पार्न सक्ने प्रभावका कारण पत्ता लगाउनु ।

घ) पूर्व प्राथमिक कक्षाको अनुभव भएका र नभएका वालवालिकाहरूको शैक्षिक उपलब्धि बढाउन उपयुक्त उपायहरू सुझाउन ।

## १.५ अनुसन्धानत्मक प्रश्न

झापा जिल्लामा पूर्व प्राथमिक कक्षाको व्यवस्थापन पश्चात कक्षा १ को सिकाइ उपलब्धिमा पूर्व प्राथमिक कक्षाको अनुभव लिएर आएका वालवालिकाहरू र

सोझै कक्षा १ मा भर्ना भएका वा अनुभव नलिएका वालवालिकाहरूका बीचमा भएको सिकाइ उपलब्धिको अवस्था के छ ? भन्ने कुरामा साथै विद्यालयको आन्तरिक सक्षमता के कस्तो अवस्थामा रहेको छ ? भनि सो सम्बन्धमा व्याख्या विश्लेषण गर्नुका अतिरिक्त निम्न सवालहरूको व्यवस्थित रुपले जवाफ खोजी गर्ने प्रयासमा यो अध्ययन केन्द्रित रहेको छ ।

क) कक्षा १ मा पूर्व प्राथमिक कक्षा अध्ययन गरी वा सोझै कक्षा १ मा भर्ना भएका बालवालिकाको बीचमा भएको फरकको अवस्था के कस्तो छ ?

ख) कक्षा १ को सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू के के हुन् ?

ग) वालवालिकाहरूको सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पार्ने तत्वहरू के के हुन सक्छन् ?

घ) वालवालिकाहरूमा सिकाइ उपलब्धिमा प्रभाव पार्ने नकरात्मक तत्वहरू के के हुन सक्छन् ?

ङ) कक्षा १को सिकाइ उपब्धिमा बृद्धि गर्न के के गर्नु पर्ला ?

च) अनुभव भएका र नभएकाको अवस्था अनुसार वृद्धि गर्न के कस्ता उपाय अवलम्बन गर्न सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

प्राथमिक शिक्षाको आधार स्तम्भ पूर्व प्राथमिक कक्षा हो । पूर्व प्राथमिक कक्षाको व्यवस्थाले विद्यालय शिक्षामा आकर्षित गर्न, वालवालिकाहरूलाई सामाजिकीकरण गर्न थप टेवा पुऱ्याउदछ । फलतः विद्यालयको आन्तरिक सक्षमतामा वृद्धि भई शैक्षिक लगानी खेर जानवाट जोगाउदछ । पूर्व प्राथमिक कक्षाको व्यवस्थापनमा राज्यको ध्यान केन्द्रित भई रहेको, आम अभिभावकहरू आकर्षित भई रहेको सन्दर्भमा अध्ययन व्यापक क्षेत्रमा गर्नु पर्ने देखिए पनि समयको सीमितता, आर्थिक कठिनाई, भौगोलिक विकटता आदीको कारण पूर्व प्राथमिक कक्षाको व्यवस्थापन, पूर्व प्राथमिक कक्षाको व्यवस्थापनले शिक्षा प्रणालीमा आएको परिवर्तन सम्बन्धमा अध्ययन गरिएको छ । झापा जिल्लामा नै ७०५ ओटा प्रारम्भिक वालविकास केन्द्र/पूर्व प्राथमिक कक्षाहरू सञ्चालनमा रहेका छन् । (फ्लास अभिलेख २०७० जिल्ला शिक्षा कार्यालय, झापा) तिनिहरू मध्ये झापा जिल्लाको २ वटा स्रोतकेन्द्र भित्रका ६ वटा विद्यालयहरूमा पूर्व प्राथमिक कक्षाको व्यवस्थापनले कक्षा १

को सिकाइ उपलब्धिमा देखिएको परिवर्तन साथै पूर्व प्राथमिक कक्षाको अनुभव लिएका वालवालिकाहरूको कक्षा २ र ३ सम्म आइ पुग्दाको अवस्थामा सिकाइ उपलब्धिको स्थिती, विद्यालयको आन्तरिक सक्षमता एवं वालवालिकाहरूको सिकाइमा प्रभाव पार्ने तत्वहरूको पहिचान र सिकाइ उपलब्धिमा सुधार गर्नका लागि विद्यालयहरूलाई सुझाव प्रदान गर्ने गरी यस अध्ययनलाई केन्द्रित गरिएको छ । यसकालागि अध्ययनका क्रममा अन्तरवार्ता र प्रश्नावलिको प्रयोग गरिएको छ । अध्ययनका लागि सूचनाको स्रोतको रुपमा विद्यार्थी, अभिभावक, सहयोगी कार्यकर्ता, कक्षा १ को कक्षा शिक्षक, प्रधानाध्यापक, स्रोत व्यक्ति, विद्यालय निरीक्षक र जिल्ला शिक्षा अधिकारी संगको अन्तरवार्ता र उनीहरूलाई भराइएको प्रश्नावली विद्यालयको अवलोकन, लक्षित समूहमा छलफललाई लिइएको छ भने माध्यमिक सूचनाको स्रोतको रुपमा विद्यालयको अभिलेखलाई लिइएको छ ।

## १.७ पारिभाषिक शब्दावली

यस अध्ययनमा प्रयोग गरिने निम्न लिखित शब्दहरूको अर्थ देहाय वमोजिम हुनेछ ।

क) सिकाइ उपलब्धि - परीक्षामा विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्क

ख) पूर्व प्राथमिक कक्षा - चार वर्ष उमेर पूरा गरेका वालवालिकालाई एक वर्षको शिक्षा दिइने कक्षा

ग) वा.वि.के. - वालविकास केन्द्र

घ) वालविकास केन्द्र - प्राथमिक तहको कक्षा १ मा भर्ना गर्नु भन्दा अगाडि ३-५ वर्षको वालवालिकोलागि समुदाय मै कक्षा स्थापनागरी सञ्चालन भएको कक्षा

ङ) स.का. - सहयोगी कार्यकर्ता

च) सहयोगी कार्यकर्ता - पूर्व प्राथमिक कक्षा एवं वाल विकास केन्द्रको शिक्षक

छ) सामुदायिक विद्यालय - सरकारी अनुदानबाट चल्ने सार्वजनिक विद्यालय

ज) स्रोत व्यक्ति - शिक्षकहरूलाई नजिकबाट प्राविधिक सहयोग गर्ने व्यक्ति

झ) स्रोत केन्द्र - समूह विद्यालयहरूमा शैक्षिक कार्यक्रम संचालनका लागि निर्धारिण गरिएको केन्द्र विद्यालय

ञ) शैक्षिक सत्र - विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि

ट) अभिभावक- विद्यालय अध्ययन गरिरहेका विद्यार्थीको नजिकको संरक्षक आमा, वावु, हजुरवावु, हजुरआमा

ठ) वि.व्य.स. - विद्यालय व्यवस्थापन समिति

ड) शि.अ.संघ - शिक्षक अभिभावक संघ

# परिच्छेद दुई : सम्बन्धीत साहित्यको पुनरावलोकन र सैदान्तिक खाका

## २.१ सम्बन्धीत साहित्यको पुनरावलोकन

मानव जीवन गर्भधारण अवस्थाबाट शुरु भई मृत्युमा अन्त्य हुने गर्दछ । प्रारम्भिक वाल्यावस्थाले वालवालिकाको भावी जीवनमा महत्वपूर्ण प्रभाव पार्दछ । गर्भदेखी ६ वर्ष सम्मको उमेरलाई प्राराम्भिक वाल्यवस्थामा लिइने हुँदा यस उमेरका वालवालिकाको सर्वाङ्गिण विकासका लागि उचित वातावरण दिन सकेमा मात्र उनीहरू पूर्ण मानव वन्न सक्छन् । त्यसबाट मात्र देशलाई आवश्यक पर्ने जनशक्तिको परिपूर्ति सम्भव हुन्छ । यसकालागि प्रारम्भिक वालविकास कार्यक्रमको प्रमुख भुमिका रहने गर्दछ । हाम्रो परिपेक्ष्यमा ३-४ वर्षका वालवालिकाहरूलाई मात्र प्रारम्भिक वालविकास कार्यक्रम व्यवस्था भएकोले यि वालवालिकाहरूलागि कार्यक्रम सुनिश्चित गर्न प्रारम्भिक वाल विकास केन्द्र/पूर्व प्राथमिक कक्षाको व्यवस्था गरिएको छ । (प्रारम्भिक वालविकास दिग्दर्शन (पठ्यक्रम) २०६२) ।

नेपालमा हाल पूर्व प्राथमिक कक्षा/वाल विकास केन्द्रलाई प्राथमिक शिक्षाको आधार, औपचारिक शिक्षा प्रवेशमा पूर्व तयारी गर्ने थलोको रुपमा लिइन्छ । वि.सं.२००७ सालमा मन्टेश्वरी कक्षाको रुपमा शुरु भएको यो कक्षा राष्ट्रिय शिक्षा पद्धती २०२८ पछि वढी चर्चामा आई यसलाई अझ थप व्यवस्थित रुपमा व्यवस्थापनका लागि सरकारले सातौं पञ्चवर्षीय योजना (२०४२-२०४६) देखि वाल विकास सम्बन्धी नीति तथा कार्यक्रमहरू समावेश गर्न थालिएको पाइन्छ । हालसम्म आइपुग्दा वालकको विकासका लागि अधिकारकर्मीहरूले आवाजहरू वुलन्द गर्ने विषयवस्तु, सरकारको कार्यक्रमहरूको पनि प्राथमिकताको मुख्य क्षेत्रको रुपमा रहेको र राष्ट्रिय र अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरूको पनि प्राथमिकताको क्षेत्र वन्दै आएको छ । यस कार्यक्रमलाई थप प्रभावकारी वनाउने अभिप्रायले थुप्रै लेख रचना तथा अनुसन्धानहरू मार्फत सुझावहरू प्रस्तुत गरेको पाइन्छ । यसै क्रममा यस शोध अध्ययनलाई बढी वस्तुनिष्ट, तथ्यपरक र विश्वसनीय वनाउनका लागि निम्न रचनाहरू अध्ययन सामग्रीको रुपमा लिएको छ ।

जोशी, (२०५२:५८) अनुसार पूर्व प्राथमिक शिक्षा एउटा प्रकृया हो । यसले निर्देशित लक्ष्य प्राप्त गर्न वालवालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुर्‍याँउछ ।

पूर्व प्राथमिक शिक्षाको आफ्नै पृथक अस्तित्व हुन्छ । यसको आफ्नै उद्देश्य नीति तथा कार्यविधि हुन्छ । यसकारण यसलाई प्राथमिक शिक्षाको तलतिर फैलदै गएको हाँगोको रुपमा हेर्नु उचित हुँदैन । यसलाई यस कै परिवेशमा हेर्नु पर्दछ ।

आमावावुको अनुपस्थितिमा पालन पोषण, सरसफाइ, स्वस्थ्योपचार, शैक्षिक रेखदेख आदि कुराहरूमा वालवालिकाहरूलाई सकृय रुपमा संलग्न गराउनु पूर्व प्राथमिक विद्यालयको मुख्य दायित्वका रुपमा लिइ उक्त विद्यालयको उद्देश्यहरूमा वालवालिकाहरूको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक र सिर्जनात्मक पक्षको विकासको लागि अवसर प्रदान गर्नु । उनीहरूमा सफासुग्घर रहने वानीको विकास गर्नु । वालवालिकाहरूमा सामाजिक मूल्य अनुरुप व्यवहार गर्ने वानीको विकास गर्नु । विद्यालय प्रति सकारात्मक धारणा र व्यवहारको विकास गर्नु । वालवालिकाहरू आधारभुत शिक्षाकोलागि तयार पार्नु रहेको छ ।

उल्लेखित उद्देश्यहरू प्राप्तीकालागि औपचारिक शिक्षा भन्दा अनौपचारिक शिक्षा वढी आवश्यक हुने भएकाले पूर्व प्राथमिक शिक्षाको पाठ्यक्रम नानीहरूलाई सुहाउदा क्रियाकलापहरूमा आधारित हुनुपर्छ । वालविकासको पाठ्यक्रममा नै शारीरिक क्रियाकलापहरू, भाषिक विकास सम्बन्धी क्रियाकलापहरू राखिनु पर्छ । वालवालिकाहरूको बौदिक विकास सम्बन्धी क्रियाकलाप हुनुपर्छ । वालवालिकाको सामाजिक विकास सम्बन्धी क्रियाकालाप हुनुपर्छ साथै उनीहरूको संवेगात्मक विकास सम्बन्धी क्रियाकलाप समावेश हुनुपर्छ ।

मल्ल, (२०५४:१३) अनुसार स-साना वालवालिकाहरूको स्याहार तथा शिक्षा सम्बन्धी अवधारणालाई लिएर विभिन्न देशमा समय परीस्थिति अनुसार भिन्ना भिन्नै बीचारहरू व्यक्त गरिएका छन् । ती कलिला वालवालिकाहरूलाई इश्वरको रुपमा मानिन्छन् भने केही स्वर्गीय पुतलीको रुपमा अथवा आकाशका चम्किला ताराका रुपमा सम्भिन्छन् । कसै कसैले परिवारको भाषिक प्रतीक, परम्परा र संस्कृतीको रक्षक तथा सम्वर्धनकर्ता र परिवर्तनको वाहकको रुपमा स्वीकारेको पाइन्छ । यस किसिमको धारणाले गर्दा वालवालिकाहरूको स्याहार सुसारमा निकै ध्यान गएको पाइन्छ ।

वाल मनोवैज्ञानिक तथा वाल विशेषज्ञहरूको बीचारमा स-सना वालवालिकाहरू र नवजात शिशुहरूले उचित स्याहार तथा राम्रो वातावरण पाएमा

उनीहरूको भावी जीवन सुखमय हुन्छ । शिक्षाविदहरूको सोचाइमा जाति कम उमेरमा वालवालिकाहरूलाई राम्रो शैक्षिक वातावरण दिन सकियो त्यति नै उनीहरूको भविष्य राम्रो हुन्छ । यस प्रकार प्रारम्भिक वाल विकास कार्यमा किन लगानी गर्ने भन्ने वारे निम्नालिखित ८ वटा वुदाँहरूले स्पष्ट्यएको छन् । (Myers 1992; 6-7)

क) मानव अधिकारको आधार वा पक्ष ।

ख) नैतिक तथा सामाजिक मुल्य र मान्यता पक्ष ।

ग) आर्थिक पक्ष

घ) कार्यक्रम प्रभावकारिताको पक्ष

ङ) सामाजिक समानताको आधार

च) राजनैतिक पक्ष

छ) वैज्ञानिक पक्ष

ज) परिवर्तित सामाजिक तथा भौगोलिक परिस्थितिको पक्ष

नेपालमा संचालित धेरै जसो पूर्व प्राथमिक विद्यालयहरूमा अन्य विद्यालयहरूमा जस्तै घण्टिको आधारमा पठन पाठनगर्ने र विषय वस्तुमा केन्द्रित गरी शिक्षण गर्ने गरेको पाइन्छ । अनावश्यक रुपमा कितावहरूको भारी वोकाइन्छ र कक्षामा वाल केन्द्रित पढाइको सट्टा शिक्षक केन्द्रित व्यख्यान विधि अपनाई औपचारिक अध्यापन गरिन्छ । शिशु शिक्षाका प्रतिपादकहरू जस्तै रुसो, पेष्टालोजी, फ्रोवेल, जोन डिवे, र मन्टेश्वरी जस्ता शिक्षा विद्हरूले नेपाली किसिमको शिशु कक्षाको विरोध गरेको थिए । उहाँहरूको भनाइ थियो- यस अवस्थामा वालवालिकाहरूलाई विद्यालय हाता भित्र वा कक्षा कोठामा वन्दगरि अध्यापन गराउने होइन उनीहरूको सर्वाङ्गिण विकास गराउनेगरी शैक्षिक वातावरणको सिर्जना गरिनु पर्छ ।

युनेस्को, काठमाण्डौंले सन् २००८ मा प्रकासित नेपालमा प्रारम्भिक वालनीति पुनरावलोकन अध्ययन प्रतिवेदनमा नीतिगत दस्तावेजमा भएका सवल र दुर्वल पक्षहरूमा प्रर्याप्त सूचनाहरू उपलब्ध भएको छ । नेपालमा प्रारम्भिक वाल विकासको मूल प्रावहकिरण अन्तर क्षेत्रीय समन्वय र दिगोपन सम्बन्धी केही नीतिगत सिफारिसहरू सुझाउन सहयोग पुगेको छ ।

यस अध्ययन प्रतिवेदन जम्मा छ खण्डमा विभाजित छ भने खण्ड तीनमा नेपालमा प्रारम्भिक वालविकासको सिंहावलोकन गरिएको छ । खण्ड ५ र ६ मा

क्रमशः पुनरावलोकनको प्राप्ति र सिफारिसहरू र राम्रा अभ्यासहरू, सिकेको पाठहरू र भावि कार्यदिशा उल्लेख गरिएको छ । नेपालमा प्रारम्भिक वालविकासको वर्तमान नीतिहरूमा निम्नानुसार नीतिहरू अध्ययनगरी त्यसमा भएका कुराहरूलाई उजागर गरिएको छ ।

क) सवैकालागि शिक्षाको मुख्य दस्तावेज (२००४-२००९)

ख) सवैकोलागि शिक्षाको राष्ट्रिय कार्ययोजना (२००१-२०१५)

ग) पाराम्भिक वाल विकास रणनीतिक योजना (२००४)

घ) आधारभूत तथा प्राथमिक शिक्षा गुरुयोजना (१९९७-२००२)

ङ) दशौं पञ्चवर्षीय योजना (२००२-२००७)

च) नवौं पञ्चवर्षीय योजना (१९९८-२००२)

छ) वालवालिका तथा विकासकालागि दश वर्षीय राष्ट्रिय कार्ययोजना (१९९२)

ज) स्थानीय स्वतन्त्र शासन ऐन (१९९९)

माथि उल्लेखित योजनाले तय गरेका नीतिगत व्यवस्थाको अध्ययन गर्दा वालअधिकारको सुनिश्चिता राज्यले लिनुपर्ने कुराहरू सिफारिस् गरिएको छ । प्रारम्भिक वालविकासका कार्यक्रमहरू ३-५ वर्षमा मात्र सिमित नगरी ३ वर्ष भन्दा मुनीका वाल वालिकाहरूको लागि आवश्यक कार्यक्रमहरू वनाई कार्यान्वयन गरिनु पर्ने सुझाव दिइएको छ । वालवालिकाहरूको अधिकारलाई सुनिश्चित गर्न शिक्षा, स्वास्थ्य, स्थानीय विकास, महिला र वालवालिका तथा समाज कल्याण मन्त्रालयहरूवीच समन्वय हुनुपर्ने ।मागमा आधारित वाल विकास केन्द्र कार्यन्वयन योजना कार्यन्वयनका लागि पिछडिएको समुदायमा वकालत गर्ने र जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्ने । प्रारम्भिक वाल विकास पाठ्यक्रमलाई परिमार्जनगरी स्थानीय आवश्यकतामा आधारित स्थानीय पाठ्यक्रम विकास गर्ने प्रयाप्त प्रावधान राखिनु पर्ने । राष्ट्रिय वजेटमा प्रारम्भिक वाल विकासकालागि निश्चित वजेट छुट्याउनु पर्ने ।शैक्षिक व्यवस्थापन सूचना प्रणाली र विद्यालय सुधार योजनामा प्रारम्भिक वालविकास सम्बन्धी कार्यक्रम र मुद्धाहरूलाई समावेशगर्न प्रावधान हुनु पर्ने । प्ररम्भिक वाल विकास कार्यक्रमको महत्व र कार्यन्वयनमा स्थानीय सहभागितालाई सुनिश्चित गराउने कुरामा जोड दिने ।

प्रारम्भिक वालविकास कार्यक्रमको दिगोपन र सेवाको गुणस्तरमा वृद्धि गर्न तालिम कार्यक्रमको सुनिश्चित गरिनुपर्ने सहज कर्ताको तालिमको मानक र ढाँचा वनाउने कुरमा जोड दिनु पर्नेछ । प्रारम्भिक वालविकास कार्यकर्ताका रुपमा पेशामा प्रवेशगर्नु पूर्व अनिवार्य तालिमको प्रावधानलाई कडाइकासाथ अवलम्वन गर्नु पर्दछ । वालविकास कार्यकर्तालाई राष्ट्रिय तालिम पाठ्यक्रमको विकास गर्नुपर्छ ।प्रारम्भिक वालविकास केन्द्र सञ्चालनकालागि आवश्यक पूर्वाधारको निर्माण गरिनुपर्छ । प्रारम्भिक वालविकासको न्यूनतम स्तर र मानक विकासगर्ने र ती मानक र स्तरलाई कायम राख्ने प्रावधान हुनुपर्छ । कार्यक्रमको गुणात्मकताको सुनिश्चितताको लागि आचारसंहिता निर्माण एवं प्रयोग गरिनुपर्छ । वालविकास केन्द्रको सहयोगी कार्यकर्तालाई दिइएको सुविधालाई पुनरावलोकनगरी न्यूनतम आवश्यक पारिश्रमिक प्रदान गरिनुपर्छ । जिल्ला तथा गाउँ विकास समिति/स्थानीय तहमा प्रभावकारी अनुगमन संयन्त्र विकास हुनुपर्छ ।

## २.२ सैद्धान्तिक खाका

आमावावुले ससाना नानीहरूको शिक्षादीक्षा र पालनपोषणमा गरेको लगानीले भविष्यमा अधिकतम फाइदा पुऱ्याउँदछ । यसकारण राष्ट्रको जनशक्तिको अभिवृद्धिका निमित्त पूर्व प्राथमिक शिक्षामा प्रयाप्त लगानी र परिश्रम गरिनु पर्छ । विषेशगरी वालवालिकाको पहिलो ५ वर्ष अत्यन्त महत्वपूर्ण हुन्छ । यसवेला उसको शारीरिक, वौदिक, सामाजिक संवेगात्मक र सिर्जनात्मक विकासको गति अत्यन्त तिव्र हुन्छ । ४ वर्षको उमेरमा उसको मस्तिष्क ८० प्रतिशतले विकसित भईसकेको हुन्छ । यस अवधिमा उसको विकासको गतिमा वाह्य कारणवाट अवरोध पर्न आएमा त्यसबाट उसको भावी जीवनमा दूरगामी असर पर्छ । यस उमेरको वालवालिकाहरूको उचित व्यवस्थापनका लागि सरकारले उचित कार्यक्रमहरूको तर्जुमा गर्नु आवश्यक छ । त्यसैले नेपाल सरकारले कार्यन्वयनमा ल्याएको विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६६-०७२) ले प्रारम्भिक वालशिक्षा तथा विकासलाई महत्वपूर्ण क्षेत्रको रुपमा अघि सारेको पाइन्छ ।

नेपालमा प्रारम्भिक वाल्यावस्था शिक्षाको शुरुवात २००७ सालमा मन्टेश्वरी स्कूलको नामले शुरुवात भई वि.सं.२०२० सालमा पुरानो मन्टेश्वरी स्कूल लेवोरेटरी स्कूलमा गाभिए पश्चात स-साना संस्थागत प्रयास भएको पाइन्छ । निजी

विद्यालयहरूले नर्सरी र किन्डरगार्टनका कक्षाहरू संचालन गरेर वालवालिकाहरूको विकासमा थप मद्दत पु¥याएको पाइन्छ । राष्ट्रिय शिक्षा पद्धति योजना २०२८ लागु भए पश्चात पूर्व प्राथमिक कक्षाको विकासमा जोड दिदै आएको पाइन्छ । विशेषतः वालविकास सम्बन्धी सिद्धान्तहरूलाई आत्मसात गरी ३-५ वर्ष उमेर समुहका वालवालिकाहरूको उपयुक्त व्यवस्थापनका लागि नेपाल सरकार, गैरसरकारी संघ संस्थाहरू र नीजि क्षेत्रको समेत संलग्नता रहेको छ ।

**२.२.१.वालविकास सम्बन्धी सिद्धान्तहरू**

वालविकास सम्बन्धी सिद्धान्तहरूको विवेचनागर्न मूलरुपमा ४ सिद्धान्तहरू उल्लेखनीय छन् । १. व्यवहारवादी सिद्धान्त २. मनोविश्लेषणात्मक सिद्धान्त ३. मानवीय विकासवादी सिद्धान्त र ४. संज्ञानात्मक सिद्धान्त ।

व्यवहारवादी सिद्धान्त : यो प्याभलव र स्कीनरले विशेष जोड दिएको सिकाइ सिद्धान्त हो । यो प्राणीको व्यवहारको निर्माणमा आधारित छ । यस सिद्धान्तले उत्तेजना र प्रतिक्रियालाई सिकाइको प्रमुख आधार मानेको छ । यस सिद्धान्तले प्राणीको व्यवहारको निर्माण गर्दछ । यो २० औ सताब्दिमा प्रतिपादन भएको हो । शास्त्रीय सम्बद्ध प्रत्यावर्दन सिद्धान्त प्याभलवले सन् १९०४ मा र कार्यपरक सम्बन्ध प्रत्यावर्तनको सिद्धान्त वि.एफ.स्किनरले सन् १९३८ मा प्रतिपादन गरेका हुन् ।

वालकको शिक्षा सम्बन्धी चर्चा गर्दा रुसो, जिनपियाजे, एरिक्सन, मन्टेसरी, फ्रोवेलका सिद्धान्तहरू प्रमुख छन् । जिन ज्याक्स रुसो अठारौं शताब्दीका फ्रान्सका बीचारक रुसोको बीचार अनुसार पहिलो पाँच वर्षको उमेरमा वालकलाई कितावी ज्ञान दिनु हुदैन । विकासका लागि सहायक हुने खालका क्रियाकलापमा वालवालिकाहरूलाई लगाउनु पर्छ । यस कारण गल्ती गर्यो भनेर वालकलाई सजाय दिनु हुदैन । यस उमेरका वालवालिकाहरूको शारीरिक तन्दुरुस्तीको लागि जुनसुकै खेलहरूमा पनि प्रोत्साहन दिनु पर्छ । ६ वर्ष मुनिका वालवालिकालाई माया गर्ने, स्वतन्त्रतापूर्वक सिक्ने कार्यमा सहयोग गर्ने, कितावी ज्ञान नदिने, मानवीय गुणहरूको विकास गराउने, कुट्ने पिट्ने गाली गर्ने जस्ता सजाय नदिने, अवलोकन र क्रियाकलापको माध्यमबाट सिक्न लगाउने जस्ता प्राकृतिक सरल वातावरणमा क्रियाकलापहरूको माध्यमहरूवाट शिक्षा दिनु पर्छ । (शिक्षा विभाग, २०५९) ।

फेडरिक फ्रोवेल : फेडरिक फ्रोवेलले १८४० मा किन्डर गार्डेन स्कूल खोलेका थिए । उनको बिचार अनुसार वालविकासका लागि वाल शिक्षामा विशेष जोड दिनु पर्छ । वाल शिक्षा स्वभाविक रुपमा हुनुपर्छ । वलवालिकाहरूलाई सामाजिक जीवनको महत्व वोध गराउनु पर्छ । वालवालिकाहरूको व्यक्तित्वको स्वतन्त्र विकास हुन दिनु पर्छ । खेलद्वारा शिक्षा दिने सिद्धान्तमा जोड दिनुपर्छ । वालवालिकालाई गीतद्वारा शिक्षा दिँदा अत्यन्त प्रभावकारी हुन्छ । वालकलाई शिक्षा दिँदा आमा वनि खेल्ने, वालकको गीत गाउने, राम्रो काम गरेमा उपहार दिने, कागज काट्न लगाउने, धागोमा वस्तु उन्ने, चित्र वनाउन लगाउने, खेलौना वनाउन लगाउने गर्नुपर्छ भन्ने कुरामा जोड दिएका छन् । उनले वालकलाई शिक्षा दिनेले एक साथी, दाजु दिदी, अभिभावक एवं संरक्षक भई सिकाउने गरेमा वालकले निर्धक्क भई सिक्ने र आफ्नो बिचार अनुसार भाव व्यक्त गर्ने हुन्छ भन्ने कुरा Education of man नामक पुस्तक मार्फत वताएका छन् । शिक्षा विभाग २०५९ ।

जिन पियाजे, उनको बीचार अनुसार वालकको सिक्ने योग्यता उसको सोचाइको स्तर रक्षमता अनुसार फरक फरक हुन्छ । वालकको ०-२ वर्ष चेतनात्मक क्रियाकलापको चरण र २-७ वर्षको चरण पूर्व कार्यन्वयन चरण भनी उनले वालकका प्रतिक्रियाहरूलाई सामान्यीकरण गरेका छन् । उनका अनुसार वालकले प्रथम चरणमा औला चुस्ने वा समात्ने क्रियाहरू गरी आफ्नो मौलिक प्रतिविम्व देखाइरहेको हुन्छ र शारीरिक गतिको आधारमा ज्ञानेन्द्रिय जनित अनुभावहरू व्यक्त गरिरहेको हुन्छ । पूर्व कार्यन्वयनको चरणमा वालकको सोचाइको स्तर परिपक्व हुँदैन तर स्थुल सिकाइ भइसकेको हुन्छ । सिक्ने प्रक्रियामा वालकलाई उपयुक्त वातावरण र स्वतन्त्रताको आवश्यकता हुन्छ । वालकको वौद्धिक विकास उसको शारीरिक विकास र उमेरमा आधारित हुन्छ । यस अवस्थामा उसले आमा वावु वा ठूलोको नक्कल गरेर सिक्छ । शिक्षा विभाग २०५९ ।

मारिया मन्टेसरी : मन्टेसरी सिकाइको अवधारणा मनौवैज्ञानिक आधारमा वालवालिकाहरूको सकारात्मक प्रवृत्तिको विकास गर्ने कुरामा आधारित छ । उनका अनुसार वालवालिकाहरूको शिक्षण प्रकृया निम्न कुराहरूवाट प्रभाववित हुन्छ ।

- प्रत्येक वालकमा जन्मैदेखि वौद्धिक क्षमता हुन्छ तर वातावरणले वालकको क्षमतालाई भिन्न वनाउँछ ।

- उपयुक्त वातावरणमा वालकको सिकाइ भएमा वालकको मानसिक विकास तीव्र गतिमा हुन्छ । वाल्यकालमा वालकको आफ्नो ज्ञानेन्द्रियद्वारा गर्ने अनुभूतिको विकास समन्वयात्मक रुपमा गर्नुपर्छ वा उनीहरूलाई सहज ज्ञान दिनुपर्छ । यसैलाई वौदिक विकास भनिन्छ ।
- वाल्यकालमा वालकको सिकाइलाई प्रभावित गर्ने वातावरण वनाउनु पर्छ । यसको निम्ति सिकाइ सामग्रीहरू पनि सिकाइको वातावरण वनाउने किसिमको हुनुपर्छ ।

मन्टेश्वरीको बिचार अनुसार वालवालिकालाई गीत, खेलकूद, तथा क्रियाकलापद्वारा सिकाइएमा उनीहरूमा अन्तर निहित गुणको स्वत स्फूरण हुन्छ । नानीहरूकालागि किताबी ज्ञान निषेधित गरिएका छन् । (शिक्षा विभाग २०५९)

एरिक एरिक्सन - उनको सिद्धान्त अनुसार वालकको व्यक्तित्व विकासमा वाल्यकालको अवस्था अत्यन्त महत्वपूर्ण हुन्छ । वालवालिकालाई सामाजिक अभिनय द्वारा सामाजिक विकासको जानकारी दिने । उनिहरूको उचित व्यवहारको प्रशंसा गर्ने, प्रोत्साहन पुरस्कार दिने र कुनै वालक लाजमान्ने वा जिद्दीवाल भएको खण्डमा व्यक्तिगत निरीक्षण गर्ने र वालकको आत्मविश्वास वढाउने गर्नुपर्छ । (शिक्षा विभाग, २०५९) ।

### २.२.२ **वालविकास सम्बन्धी सिद्धान्त र प्रारम्भिक वाल विकास कार्यक्रम**

राष्ट्र विकासको निम्ति मानव संसाधान विकास महत्वपूर्ण पक्ष हो । यसको विकास आउँदो पुस्तासंग सम्बन्धीत हुन्छ । मुलत : आउँदो पुस्ता भनेको समाजका हालका वालवालिकाहरू हुन् । वर्तमान वालवालिकाको तयारीले भविष्यको विकासको पक्षलाई सवल वनाउँछ । तसर्थ व्यक्ति, समाज र राष्ट्रले भविष्यमा उन्नति र प्रगतिकोलागि वर्तमानका वालवालिकाको सर्वपक्षीय विकास गर्नु जरुरी छ । वालवालिकाको सर्वपक्षीय विकास उनीहरूको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकास भन्ने वुझिन्छ । यिनै कुरालाई मध्यनजर गरी सन् १९५० मा ल्यावरेटरी स्कूलमा पहिलो मन्टेश्वरी विद्यालयको रुपमा स्थापना भई हाल मुलुक भर ३४,१९३ वटा वाल विकास केन्द्र/पूर्व प्राथमिक कक्षा सञ्चालित छन् (Flash Report 2069) संचालित छन् । स्थापना भएका वालविकास केन्द्र एवं पूर्व प्राथमिक कक्षाहरूको भौतिक शैक्षिक र आर्थिक रुपमा सहयोग स्थानीय निकाय गैर सरकारी

संघ संस्थाहरू र समुदायहरूवाट सहयोग हुदै आएको छ। त्यस्तै गरी सन् २००० मा डकार सम्मेलनबाट स्वीकृत कार्यक्रम अनुसार सवैकालागि शिक्षाको लक्ष्य प्राप्त गर्न नेपाल सरकार प्रतिवद्ध छ । या लक्ष्य प्राप्तिका लागि सवैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना सन् (२००१-२०१५) मार्फत सघन रुपमा प्रारम्भिक वाल स्याहार तथा शिक्षाको विस्तार र सुधारमा जोड दिएको छ ।

प्रारम्भिक वालविकास कार्यक्रमहरूको सम्बन्धमा गरिएको अध्ययनहरूले गरिवी प्रभावित क्षेत्रमा यो कार्यक्रम सञ्चालन तथा विस्तार गर्नु धेरै महत्वपूर्ण रहेको पुष्टि गरेका छन् । अभिभावकहरूलाई आय आर्जनका क्रियाकलापमा संलग्न हुन फुर्सद दिने र विद्यालयमा उमेर नपुगेका विद्यार्थी भर्ना गर्नु पर्ने स्थितिलाई रोक्न मद्धत गर्ने भएकोले प्रारम्भिक वालविकास कार्यक्रमले गरिवीको चपेटालाई कमगर्न सघाउ पुऱ्याएको छ । साथै छोरीहरूलाई विशेष गरेर आफ्ना भाइवहिनीहरूको रेखदेखगर्ने काम जिम्मा दिइने चलन रहेकाले प्रारम्भिक वालविकास कार्यक्रमको विस्तारवाट यसलाई कमगरी उनीहरूलाई प्राथमिक विद्यालयमा पठाउन र पठाइमा निरन्तरता दिन सकारात्मक प्रभाव पार्न सक्ने अपेक्षा गरिएको छ ।

प्रारम्भिक वाल विकास केन्द्रको अन्तिम लक्ष्य भनेको वालवालिकाहरूको सुखी र समुन्नत जीवन सुनिश्चित गर्नु एवं उनीहरूको समग्र विकासलाई सहज वनाउनु हो । यस कार्यक्रममा स्वास्थ्य, पोषण, सुरक्षा र सिकाइ आवश्यकता जस्ता वाल विकासकालागि उपयुक्त अभ्यासहरू समाविष्ट भएको हुनुपर्छ जसले वालवालिकाहरूको सर्वाङ्गीण विकासलाई सहज वनाइ विद्यालयमा प्रवेशकालागि तयार गर्न सक्नु पर्दछ । नेपालमा प्रारम्भिक वाल विकास कार्यक्रमको दूरदृष्टि “रमाइलो र वालप्रिय सिकाइ वातावरण तयारगरी हरेक वालवालिकाहरूको आफ्नो आधिकतम् क्षमता विकासगर्न पाउने अधिकार छ भन्ने मान्यता भित्र विद्यालय तथा समुदायबाट सेवा संचालन गर्ने र राष्ट्रिय नीतिबाट त्यसको सहजीकरण तथा विशेषज्ञहरूबाट पेशागत पृष्ठपोषण गर्ने” (२०६१ नेपालमा प्रारम्भिक वालविकास सम्बन्धी रणनीति पत्र, शिक्षा विभाग) रहेको छ उक्त दूरदृष्टिमा आधारित भई खासगरी नेपालमा प्रारम्भिक वाल विकास कार्यक्रमको निमित्त निम्न वमोजिमको थप दूरदृष्टि निर्धारण गरिएको छ ।

### २.२.३ सन् २०१५ सम्ममा प्रारम्भिक वालवविकास केन्द्र र उमेर (०-५) वर्ष

वालवालिकाहरूको लिंग, जनजाति र क्षत्रीयताको भेदभाव विना तीन देखी पाँच वर्ष उमेर समूहका ८० प्रतिशत भन्दा वढी वालवालिकाहरू प्रारम्भिक वालविकास कार्यक्रममा सहभागी हुनेछन् । समुदायमा आधारित प्रारम्भिक वालविकास केन्द्र अथवा सामुदायिक वा निजी विद्यालयसँग आवद्ध पूर्व प्राथमिक कक्षा जस्ता जुनसुकै कार्यक्रममा सहभागी भएको भएतापनि वालवालिकाका लागि समानस्तरको पाठ्यक्रम तथा समकक्ष कै भौतिक तथा अध्यापन सुविधा उपलब्ध हुनेछ ।

प्रारम्भिक वालविकास कार्यक्रममा सहभागी हुने करिव ९० प्रतिशत वालवालिका प्राथमिक विद्यालयमा स्थान्तरित हुने छन् । ती सवै वालवालिकाले प्राथमिक तहको पाठ्यक्रम अध्ययन गर्न र वुझ्नका लागि आवश्यक आधारभुत दक्षताहरू हासिल गरेका हुने छन् । यी वालबालिकाहरूले उनीहरूको समग्र विकासकालागि आवश्यक हेरचाह र शिक्षा दुवै आवश्यकताहरू पुरा गर्न उपयुक्त वातावरण प्राप्त गर्ने छन् ।

तीन वर्ष भन्दा मुनिका वालवालिकाहरूले उनीहरूका आमावावु र समुदायबाट पर्याप्त र उपयुक्त हेरचाह पाउने छन् जसवाट उनीहरूले स्वास्थ्य व्यवहार, उपयुक्त खोपहरू र स्थानीय क्षेत्रमा उपलब्ध पौष्टिक खाना जस्ता स्वस्थ्य र पोषण सम्बन्धी सेवाहरू प्राप्त गर्न सक्नेछन् । वालवालिकाहरूलाई घर र हेरचाह केन्द्र समेतमा उनीहरूको समष्टिगत विकासका लागि उपयुक्त वातावरण उपलब्ध हुनेछ । अविभावक र सहयोगी कार्यकर्ताले सूचकहरूमा आधारित भई निरन्तर रुपमा वालवालिकाहरूको सामाजिक, शारीरिक, संवेगात्मक र वौद्धिक विकासको अनुगमन गरिरहने छन् । (२०६१ नेपालमा प्रारम्भिक वालविकास सम्बन्धी रणनीति पत्र, शिक्षा विभाग)

प्रारम्भिक वालविकास कार्यक्रमका सहयोगी कार्यकर्ता वालवालिकाको हेरचाह र क्रियाकलापमा आधारित सिकाइको माध्यमबाट उनीहरूलाई शिक्षा दिन सामर्थ हुनेछन् । सहयोगी कार्यकर्तालाई प्रारम्भिक वालविकासका कक्षाहरूका लागि उपयुक्त किसिमले कक्षा संचालन गर्न चाहिने ज्ञान र सीप प्राप्त हुनेछ । उनी स्थानीय साधनबाट शैक्षिक सामग्री तयार गर्न र उपयोग गर्ने जानकार हुनेछन् ।

उनलाई प्रारम्भिक उमेरका वालवालिकाको स्वास्थ्य र सरसफाई तथा अन्य वृद्धि एवं विकास सम्बन्धी आवश्यकता वारे आधारभुत ज्ञान हुनेछ । उनी अभिभावकहरूको लागि कक्षा संचालन गर्न र उनीहरूका छलफल कार्यक्रम आयोजना गर्न सक्षम हुनेछन् ।

प्रारम्भिक वालविकासका सहयोगी कार्यकर्तालाई पेशागात रुपमा अगि बढ्ने अवसर हुनेछ । उनीसंग सहयोगीकार्यकर्तामा नियुक्ति भई काम गर्न सक्ने प्राज्ञिक आधार (कम्तिमा पनि कक्षा ८ पासको प्रमाणपत्र) हुनेछ । सहयोगी कार्यकर्तालाई प्रारम्भिक वाल हेरचाह तथा विकाससम्बन्धी आधारभूत र थप एडभान्स कोर्षहरूमा भाग लिने अवसर हुनेछ । उनले स्रोतकेन्द्र, जिल्ला शिक्षा कार्यालय गैर सरकारी संस्थाहरू र छिमेकी सामुदायिक विद्यालयबाट नियमित रुपमा पेसागत र प्राविधिक सहयोग पाउनेछन् । (२०६१ नेपालमा प्रारम्भिक वालविकास सम्बन्धी रणनीति पत्र, शिक्षा विभाग)

वालविकास केन्द्र तथा पूर्व प्राथमिक कक्षाहरूमा राम्रो हावा प्रवाह हुने, सफा र फराकिला कक्षा कोठा हुनेछन् । प्रारम्भिक वालविकास कक्षा कोठामा स्वस्थकर दरी (फ्लोरिङ) र प्रयाप्त चकटी र फर्निचर हुनेछन् ।

वालविकास केन्द्रका भित्ताहरू वालवालिकाहरूका सृजनात्मक कार्यहरू उत्प्रेरक पोष्टर, ब्रोस्युअर र पेन्टिङ्गहरूबाट सजिएका हुनेछन् । त्यहाँ वालवालिकाहरूका निजी समानहरू राख्नकालागि छुट्टाछुट्टै खण्ड भएका भाडाहरू र साझा दराज वा वाकसहरू हुनेछन् । प्रारम्भिक वालविकास कोठा व्यवस्थित सिकाइ कुनाहरू र उपयुक्त आधारभुत सामग्रीहरूबाट सुसज्जित हुनेछ । केन्द्रले स्थानीय अभिभावक, समुदाय र गाउँ विकास समिति/नगरपालिकाबाट पूर्ण समर्थन प्राप्त गर्नेछ । (शिक्षा विभाग, नेपालमा प्रारम्भिक वालविकाससम्बन्धी रणनीतिक पत्र २०६१)

यसै सन्दर्भमा ३-५ वर्ष उमेर समूहका वालवालिकाहरूको उपयुक्त व्यवस्थापनकालागि नेपाल सरकारले समुदायमा आधारित र विद्यालयमा आधारित वालविकास केन्द्र एवं पूर्व प्राथमिक कक्षाहरूको व्यवस्थापनमा एकरुपता ल्याउन, सहयोगी संघ संस्थाहरूकावीचमा समन्वय कायमगर्न सहजीकरण हुने अभिप्रायले प्रारम्भिक वालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२, प्रारम्भिक वालविकास केन्द्रको

राष्ट्रिय न्यूनतम् मापदण्ड मार्गदर्शक पुस्तिका २०६७, प्रारम्भिक वालविकास सम्बन्धी रणनीतिक पत्र, प्रारम्भिक वालविकास सहयोगी तालिम पुस्तिका, वालविकास पुनर्ताजगी तालिम पुस्तिका, अभिभावक जागरण कार्यक्रम सञ्चालन निर्देशिका जस्ता कुराहरूको विकासगरी वालमनोवैज्ञानिक सिद्धान्तहरूमा आधारित सिकाइ क्रियाकलापमा जोड दिनुपर्ने कुरालाई वकालत गर्दै आएको छ । (२०६१ नेपालमा प्रारम्भिक वालविकास सम्बन्धी रणनीति पत्र, शिक्षा विभाग ।

प्रारम्भिक वालविकास मानव विकासको महत्वपूर्ण चरण हो । यस चरणमा वालवालिकाहरूको उपयुक्त किसिमको व्यवस्थापनले समय सापेक्ष मानव संसाधनको विकास भई मुलुकको समग्र विकासमा महत्वपूर्ण योगदान पुग्छ । यसैलाई मध्यनजरगरी नेपाल सरकारले उल्लेखनीय रुपमा प्रारम्भिक वालविकास कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यस कार्यक्रम सञ्चालन पश्चात विद्यालयमा कम उमेरका वालवालिकाहरू भर्ना हुने प्रवृत्तिमा कमी हुने र कामको समयमा अभिभावकहरू घरमै वालवालिकाहरू हेरेर वस्नुपर्ने अवस्थाबाट मुक्त भई आय आर्जनमा सरिक हुन पाउने आवस्थाले गरिवी घटाउनमा सहयोग पुगेको, कक्षा १ मा रहेको वढ्दो कक्षा दोहोऱ्याउने दरमा कमी आएको वीचैमा कक्षा छाड्ने प्रवृत्तिमा कमी आई विद्यालयको आन्तरिक सक्षमतामा अभिवृद्धि भएको भन्ने सन्दर्भहरू आइरहेको परिपेक्षमा वास्तवमै सामुदायिक विद्यालयहरूमा पूर्व प्राथमिक कक्षाको व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव अध्ययनको रुपमा यस अध्ययनलाई केन्द्रित गरिनेछ । यसमा झापा जिल्लामा अवस्थित सामुदायिक विद्यालयहरूमध्ये सम्भावनायुक्त नमूना छनौट विधिबाट छनौट भएका विद्यालयहरू, विद्यार्थी, अभिभावक, सहयोगीकार्यकर्ता, कक्षा १ मा अध्यापन गर्ने शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिको अध्यक्ष, स्रोत व्यक्ति, विद्यालय निरीक्षक, जिल्ला शिक्षा अधिकारीहरूबाट सूचना संकलनगरी निम्न तथ्यहरू पत्ता लगाइने छ ।

- पूर्व प्राथमिक कक्षाको अनुभाव लिएका र सोझैकक्षा १ मा भर्ना भएका वालवालिकाहरूका वीचमा तीन वर्ष सम्मको सिकाइ उपलब्धिको विश्लेषण ।
- वालवालिकाहरूको सिकाइमा प्रभावपार्ने तत्वहरूमा भौतिक सुविधा, शिक्षण विधि, शैक्षिक सामग्री, शिक्षकको नियममितता, शिक्षकको व्यवहार, परिवारिक पृष्ठभूमि र सहयोग, विद्यालय पुग्न लाग्ने दूरी, साथी संगत आदिको अवस्था अध्ययन गर्ने ।

- कक्षा १ को सिकाइ उपलब्धिमा सुधारगर्न सम्वान्धित सरोकारवालाहरूलाई सुझावहरू प्रस्तुत गर्ने ।

## २.३ अध्ययनका लागि पुनरावलोकनको उपादेयता

अनुसन्धान प्रतिवेदनको सिंहवलोकन आफैमा महत्पूवर्ण कार्य हो । प्रतिवेदनको सिंहवलोकनबाट अध्ययनकर्तालाई प्रतिवेदनका विषयवस्तुहरू अवगत हुनुको साथै प्रतिवेदनले औल्याएका तथ्यगत विषयवस्तुको जानकारी र भविष्यमा उक्त विषयवस्तुलाई अझ थप व्यवस्थितरुपमा कार्यान्वयनगर्न एवं मार्गचित्र निर्धारणगर्न थप सहयोग पुग्दछ । विशेषगरि यस विषयमा गरिएको अध्ययनले अनुसन्धान कार्यलाई वस्तुनिष्ट, तथ्यपरक, व्यवस्थित र किलिष्ट वनाउन मार्गप्रशस्त गर्न सहयोग पुग्नेछ । यसका अतिरिक्त निम्न कुराहरूको थप सहयोग पुग्ने भएकोले यसको उपादेयता प्रष्ट हुन्छ । अध्ययनको विषयलाई गहिराई सम्म अध्ययनगरी निष्कर्ष निकाल्न अवधारणा स्पष्ट हुने । शोधपत्रको पृष्ठभूमि तयार गर्न, वालवालिकाको सिकाइमा प्रभाव पार्ने तत्वहरूको पहिचान गर्न, तथ्याङ्क संकलन गर्न, संकलित तथ्याङ्कहरू एवं सूचनाहरूको तालिकीकरण, विश्लेषण र व्याख्या गर्न, शोध कार्यको निश्कर्ष निकाल्न सुझावहरू प्रस्तुत गर्न । वालवालिकाहरूको शैक्षिक विकासगर्न योजनाकार, नीति, निर्माता तथा शिक्षा क्षेत्रका सरोकारवाला पक्षहरूलाई आवश्यक निर्णय लिन सम्बन्धीत साहित्यको अवलोकनले सहयोग पुऱ्याएको छ ।

# परिच्छेद तीन : अध्ययन विधि र प्रक्रिया

## ३.१ अनुसन्धानको ढाँचा

अनुसन्धान नमूना भन्नाले प्रयोगात्मक अध्ययनकालागि गरिने व्यवस्थित तार्किक, आधारभूत तथा संगठित योजना हो । यस अध्ययनमा पूर्व प्राथमिक कक्षा व्यवस्थापन भएको विद्यालयमा कक्षा १ को सिकाइ उपलब्धि पूर्व प्राथमिक कक्षाको अनुभव लिएर आएका र सोझै कक्षा १ मा भर्ना भएका वालवालिकाहरूका वीचमा सिकाइ उपलब्धि तुलना गर्ने र सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू, उपलब्धि न्यून हुनुका कारणहरू पहिचान गरी सुधारगर्न उपायहरूको पहिचानार्थ अभिभावक, विद्यार्थी सहयोगी कार्यकर्ता, कक्षा १ मा अधिकांश विषय अध्यापन गर्ने शिक्षक, प्रधानाध्यापक, स्रोत-व्यक्ति, विद्यालय निरीक्षक र जिल्ला शिक्षा अधिकारीसंग प्रश्नवाली भराउने, छलफलगरी सूचना संकलन, अवलोकन र विद्यालयका भर्ना अभिलेख, परीक्षा सम्बन्धी अभिलेख र अध्ययन प्रतिवेदनको आधारमा ठोस निष्कर्ष निकाल्न प्राप्त सूचना तथा तथ्यांकहरूको विश्लेषण र विवेचना गरिएको छ । यो अध्ययन परिमाणत्मक एवं गुणात्मक छुट्टै नभई मिश्रित ढाँचाको भएको छ ।

## ३.२ अध्ययनको जनसंख्या र नमूना छनौट

सही निष्कर्ष निकालनकालागि कुनै पनि अध्ययन निश्चित जनसंख्यालाई आधार मानेर गर्नु पर्ने हुन्छ । निश्चित जनसंख्यालाई आधार मानेर गरिएको अध्ययनले वैध र विश्वासनीय नतिजा निकाल्दछ । यस अध्यनमा झापा जिल्लाका २ वटा स्रोतकेन्द्र हल्दिवारी स्रोतकेन्द्र र गौरादह स्रोतकेन्द्र अन्तर्गतका ६ वटा पूर्व प्राथमिक कक्षाको व्यवस्थापन भएका सामुदायिक विद्यालयहरूमा संभावनायुक्त नमूना छनौट विधि तथा उद्देश्यमूलक छनौटका आधारमा छनौट गरिएको थियो । छनौटमा परेका विद्यालयहरूको २/२ जना विद्यार्थी उक्त विद्यार्थीहरूका अभिभावक,पूर्व प्राथमिक कक्षाको सहयोगी कार्यकर्ता, कक्षा १ मा अधिकांश विषय अध्यापन गर्ने शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, स्रोत व्यक्ति, विद्यालय निरीक्षक, जिल्ला शिक्षा अधिकारी गरी जम्मा ४७ जना सहभागी भएका थिए ।

## ३.३ तथ्याङ्कका स्रोतहरू

अध्ययनकालागि विभिन्न किसिमका तथ्याङ्कहरू आवश्यक पर्दछ । अध्ययनलाई तथ्यपरक एवं वस्तुनिष्ट वनाउन विभिन्न किसिमका तथ्याङ्कहरूको प्रयोग गरिएको छ । विशेष गरि संकलन गरिएको तथ्याङ्कको स्रोतका आधारमा निम्न अनुसार रहेको छ ।

### ३.३.१ प्राथमिक स्रोत

अध्ययनलाई वस्तुनिष्ट एवं तथ्यपरक बनाउन प्रश्नावली फारमहरू, अन्तर्वाता, अवलोकन, लक्षित समुहहरूमा गरिएको छलफलबाट प्राप्त कोरा तथ्याङ्कहरू प्राथमिक स्रोतको रुपमा रहेका छन् ।

### ३.३.२ सहायक स्रोत

यस अध्ययनलाई व्यवहारिक, वस्तुनिष्ट एवं तथ्यपरक बनाउन विद्यालयको भर्ना अभिलेख, मूल्याङ्कन सम्बन्धी अभिलेख, निरन्तर विद्यार्थी मुल्याङ्कन अभिलेख र अध्ययन प्रतिवेदनबाट प्राप्त सूचनाहरू सहायक स्रोतका रुपमा राखिएका छन् ।

## ३.४ तथ्याङ्क संकलनका साधनहरू

यस अध्ययनकालागि निम्नानुसारका साधनहरू प्रयोगमा ल्याइएको थियो ।

क) प्रश्नावलीहरू

ख) अन्तर्वार्ता

ग) लक्षित समूहमा छलफल

घ) अवलोकन

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

यस अध्ययनमा सूचना तथा तथ्याङ्क संकलन दुई किसिमले गरिएको थियो । एउटा विद्यार्थी, अभिभावक, स.का. शिक्षक, प्रधानाध्यापक स्रोत व्यक्ति, विद्यालय निरीक्षक, जिल्ला शिक्षा अधिकारीहरूसँग प्रश्नावली, अन्तर्वाता छलफल, अवलोकन आदीको माध्यामबाट सूचना एवं तथ्याङ्क संकलन गरिएको थियो भने दोस्रो भर्ना अभिलेख, परीक्षा सम्बन्धी अभिलेखहरू, अध्ययन प्रतिवेदनहरू अध्ययनगरी अध्ययनलाई वैध र विश्वासनीय वनाउने आधार प्रदान गरिएको थियो ।

## ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

यस अध्ययनका क्रममा प्राप्त भएका तथ्याङ्क एवं सूचनाहरूलाई वर्णनात्मक, विश्लेषणात्मक र तुलनात्मक पद्धतिवाट प्रस्तुत गरिएको छ । छनौट गरिएका विद्यालयबाट लिएका कोरा तथ्याङ्कलाई तालिकीकरण गरी प्रष्ट गरिएको छ ।

# परिच्छेद चार : नतिजाको छलफल

यस अध्ययनको उद्देश्य प्राप्तिकालागि संकलन गरिएका विभिन्न किसिमका तथ्याङ्क, जानकारी, सूचना तथा धारणा र प्रतिकृयाको विवरणलाई निम्नानुसारका तालिकामा राखी व्याख्या तथा विश्लेषण गरिएको छ । खासगरी यस पूर्व प्राथमिक कक्षाको व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव अध्ययनका लागि झापा जिल्लाका २ वटा स्रोतकेन्द्रहरू हल्दिवारी र गौरादहका ३/३ वटा विद्यालयहरू सरस्वती नि.मा.वि. हल्दिवारी, राष्ट्रिय एकता प्रा.वि. हल्दिवारी, हल्दिवारी उ.मा.वि. हल्दिवारी र गौरादह स्रोतकेन्द्रका कञ्चनजंघा प्रा.वि. महारानीझोडा, जनता प्रा.वि. कोहवरा र भद्रकाली उ.मा.वि. कोहवरालाई छनौट गरि पूर्व प्राथमिक कक्षाको अनुभव लिएका र सोझै कक्षा १ मा भर्ना भएका विद्यार्थीहरूको सिकाइ उपलब्धि, स्रोतकेन्द्रगत आन्तरिक सक्षमता दर पत्ता लगाइएको छ ।

नमूना छनौटमा परेका विद्यालयहरूको पूर्व प्राथमिक कक्षामा भर्ना भएर आएका विद्यार्थीहरू र सोझै कक्षा १ मा भर्ना भएका विद्यार्थीहरूको पहिचान गरि, तिनीहरू बीचमा विभिन्न समयमा गरिएका मूल्याङ्कन अभिलेखबाट पाइएका सूचना एवं तथ्याङ्क विशेष गरि २०६९ सालको कक्षा १ २०७० सालको कक्षा २ र २०७१ सालको कक्षा ३ को सिकाइ उपलब्धिहरू, नमूना जनसंख्यासंग भराइएका प्रश्नवालीहरू, आपसी छलफल र अवलोकनबाट संकलित सूचना एवं तथ्याङ्कहरूलाई सकेसम्म वर्णनात्मक, तुलनात्मक र विश्लेषणात्क पद्धतिबाट प्रस्तुत गरिएको छ । अध्ययनलाई व्यवस्थित र क्रमवद्धसँग अघि बढाउन तपसिलका विवरणहरूलाई क्रमश अध्ययन विश्लेषण गरिएको छ ।

१. पूर्व प्राथमिक कक्षाको अनुभव भएका र सोझै कक्षा १ मा भर्ना भएका वालवालिकाहरूको कक्षा १, कक्षा २ र कक्षा ३ सम्मको नमूना विद्यालयहरूको सिकाइ उपलब्धि पहिचान र तुलना ।
२. पूर्व प्राथमिक कक्षाको अनुभव भएका र सोझै कक्षा १ मा भर्ना भएका वालवालिकाहरूको कक्षा १, कक्षा २ र कक्षा ३ सम्मको सिकाइ उपलब्धिको अवस्था स्रोत केन्द्रगत तालिकीकरण र विश्लेषण ।
३. विद्यालयगत आन्तरिक सक्षमता (कक्षा छाड्ने दर, कक्षा दोहोऱ्याउने दर कक्षा उर्त्तीण दर) विश्लेषण ।

४. नमूना जनसंख्यासंग भराइएका प्रश्नावलीहरूबाट र लक्षित समूहसंगको छलफलबाट प्राप्त सूचनाहरूको विश्लेषण ।

५. सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारणहरूको पहिचान र विश्लेषण ।

६. सिकाइ उपलब्धिका सकारात्मक तत्वहरूको वढवा र नकारात्मक तत्वहरूको निराकरण गर्ने उपायहरूको विश्लेषण ।

## ४.१ सिकाइ उपलब्धिको तुलनात्मक पहिचान

तालिका १ : सिकाइ उपलब्धिको तुलनात्मक विवरण

| क.सं. | विद्यालयहरूको नाम | स्रोतकेन्द्र | २०६९ कक्षा-१ | | | २०७० कक्षा-२ | | | २०७१ कक्षा-३ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा विद्यार्थी | पूर्व प्रा.वाट | सोझै | जम्मा विद्यार्थी | पूर्व प्रा.वाट | सोझै | जम्मा विद्यार्थी | पूर्व प्रा.वाट | सोझै |
| १ | सरस्वती नि.मा.वि. | हल्दिवारी | ३६ | ६४.७२ | ४१.५७ | ३२ | ५२.८२ | ४४.६६ | २९ | ६१.६८ | ५८.९४ |
| २ | राष्ट्रिय एकता प्रा.वि | हल्दिवारी | २६ | ५८.३ | ३८.९३ | १९ | ६१ | ५८ | १८ | ५९.४१ | ५४.३४ |
| ३ | हल्दिवारी उ.मा.वि. | हल्दिवारी | ४३ | ४९.४५ | ४३.२३ | ३८ | ५०.१८ | ४३.९३ | ३५ | ६९.३९ | ५४.७५ |
| ४ | कञ्चनजंघा प्रा.वि. | गौरादह | ७ | ५९.५ | ४४.१६ | ३ | ७३.१६ | ० | ५ | ७१.५८ | ० |
| ५ | जनता प्रा.वि. | गौरादह | १३ | ७०.१४ | ४८.३६ | १३ | ६८.२४ | ४९.३६ | १३ | ६७.१२ | ५०.४२ |
| ६ | भद्रकाली उ.मा.वि. | गौरादह | २९ | ६४.१६ | ४५.२८ | ३० | ७२.२ | ६२.२६ | २८ | ७७.११ | ७५.३५ |

*स्रोत: सम्बन्धीत विद्यालयको अभिलेखहरू, २०७१*

प्रस्तुत तालिकामा छनौटमा परेका विद्यालयहरूको २०६९ सालको कक्षा १ को तुलनात्मक सिकाइ उपलब्धि, तिनै विद्यार्थीहरूको २०७० सालमा कक्षा २ को सिकाइ उपलब्धि र २०७१ सालमा तिनै विद्यार्थीले कक्षा ३ मा हाँसिल गरेको सिकाइ उपलब्धि विद्यालयगत रुपमा प्रस्तुत गरिएको छ । यस तालिकावाट के प्रष्ट हुन्छ भने कक्षा १, २ र ३ सम्म आइपुग्दा पनि पूर्व प्राथमिक कक्षाको अनुभव लिएका वालवालिकाहरूको सिकाइ उपलब्धि तुलनात्मक रुपमा उच्च रहेको देखिन्छ ।  कक्षा १को सिकाइ उपलब्धिमा पूर्व प्राथमिक कक्षाको अनुभाव लिएका र अनुभव नलिइ कक्षा १ मा भर्ना हुन आएका वालवालिकाहरू वीचमा फरक औसत २०६९ सालको कक्षा १ मा १७.४७, तिनै विद्यार्थीको २०७० सालको कक्षा २ मा ८.८४ र तिनै विद्यार्थीहरूको २०७१ सालको कक्षा ३ मा औषत फरक ८.१८ रहेको देखिन्छ साथै कक्षामा प्रथम, दितीय र तृतीय जस्ता स्थानहरू पनि पूर्व प्राथमिक कक्षा पढेर आएका वालवालिकाहरूको नै रहेको छ । कक्षा २ र ३ मा भने यो फरक पूर्व प्राथमिक कक्षाको अनुभव लिएका वालवालिकाहरूको तुलनामा अनुभव नलिइ

कक्षा १ भर्ना हुने वालवालिकाहरूको वृद्धि भएको देखिए पनि तुलनात्मक रुपमा पूर्व प्राथमिक कक्षाको अनुभव लिएर आएका बालवालिकाहरूको नै उच्च रहेको छ ।

## ४.२ स्रोतकेन्द्रगत सिकाइ उपलब्धि विश्लेषण

तालिका २ : सिकाइ उपलब्धि विश्लेषण

| क्र.सं. | स्रोतकेन्द्र | २०६९ कक्षा-१ | | | २०७० कक्षा-२ | | | २०७१ कक्षा-३ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा विद्यार्थी | पूर्व प्रा.वाट | सोझै | जम्मा विद्यार्थी | पूर्व प्रा.वाट | सोझै | जम्मा विद्यार्थी | पूर्व प्रा.वाट | सोझै |
| १ | हल्दिवारी | १०५ | ५७.४९ | ४१.२४ | ८९ | ५४.६६ | ४८.८६ | ८२ | ६३.४९ | ५६.०१ |
| २ | गौरादह | ४९ | ६४.६ | ४५.९३ | ४६ | ७०.५३ | ५५.८१ | ४६ | ७१.९३ | ६२.८ |

प्रस्तुत तालिकामा स्रोतकेन्द्रगत सिकाइ उपलब्धिहरूको तुलनात्मक रुपमा प्रस्तुत गरिएको छ । अध्ययनका क्रममा नमूना छनौटमा परेका २ वटा स्रोतकेन्द्रहरूमा तुलनात्मक रुपमा पूर्व प्राथमिक कक्षाको अनुभव लिएका वालवालिकाहरूको सिकाइ उपलब्धि पूर्व प्राथमिक कक्षाको अनुभव नलिएका वालवालिकाहरूको तुलनामा उच्च रहेको देखिन्छ । २०६९ सालमा कक्षा १ मा भर्ना भएका वालवालिकाहरू मध्ये हल्दिवारी स्रोतकेन्द्रमा पूर्व प्राथमिक कक्षाको अनुभव लिएका वालवालिकाहरूको औषत सिकाइ उपलब्धि ५७.४९ र सोझै कक्षा १ मा भर्ना भएकाको ४१.२४ मात्र छ जुन १८.२५ ले पूर्व प्राथमिक कक्षा पढ्नेको बढी छ । त्यसैगर गौरादह स्रोतकेन्द्रमा कक्षा १ मा पूर्व प्राथमिक कक्षा पढेर आएका वालवालिकाहरूको औषत सिकाइ उपलब्धि ६४.६ र पूर्व प्राथमिक कक्षाको अनुभव नभएकाको ४५.९३ छ जुन १०.६७ ले पूर्व प्राथमिक कक्षाको अनुभव भएका वालवालिकाको बढी नै रहेको छ । त्यसैगरि २०७० सालमा तिनै विद्यार्थीहरूको कक्षा २ मा पनि पूर्व प्राथमिक कक्षाको अनुभव लिएका वालवालिकाहरूको सिकाइ उपलब्धि सोझै कक्षा १ मा भर्ना भएकाहरूको भन्दा १०.९१ ले बढि देखिन्छ । त्यस्तै २०७१ सालमा कक्षा ३ का विद्यार्थीहरूमा पनि पूर्व प्राथमिक कक्षाको अनुभव लिएर आएका विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि ७.१२ ले बढी देखिन्छ ।

## ४.३ विद्यालयगत आन्तरिक सक्षमता

### ४.३.१ कक्षा छाड्ने दर

तालिका ३ : कक्षा छाड्ने दर

| क्र.सं. | विद्यालयहरूको नाम | स्रोतकेन्द्र | २०६९ कक्षा १ कक्षा छाड्ने विद्यार्थी | | | २०७० कक्षा २ कक्षा छाड्ने विद्यार्थी | | | २०७१ कक्षा ३ कक्षा छाड्ने विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा विद्यार्थी | पूर्व प्रा.वाट | सोभै | जम्मा विद्यार्थी | पूर्व प्रा.वाट | सोभै | जम्मा विद्यार्थी | पूर्व प्रा.वाट | सोभै |
| १ | सरस्वती नि.मा.वि. | हल्दिवारी | २ | ० | २ | २ | ० | २ | १ | ० | १ |
| २ | राष्ट्रिय एकता प्रा.वि. | हल्दिवारी | ११ | २ | ९ | ८ | १ | ७ | ५ | १ | ४ |
| ३ | हल्दिवारी उ.मा.वि. | हल्दिवारी | ८ | ३ | ५ | १ | ० | १ | २ | ० | २ |
| ४ | कञ्चनजंघा प्रा.वि. | गौरादह | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | जनता प्रा.वि. | गौरादह | १ | ० | १ | १ | ० | १ | ० | ० | ० |
| ६ | भद्रकाली उ.मा.वि. | गौरादह | २ | ० | २ | २ | ० | २ | ० | ० | ० |
| | जम्मा | | २४ | ५ | १९ | १४ | १ | १३ | ८ | १ | ७ |

स्रोतः सम्बन्धीत विद्यालयको अभिलेखहरू, २०७१

प्रस्तुत् तालिकाबाट के स्पष्ट हुन्छ भने पूर्व प्राथमिक कक्षाको व्यवस्थापनबाट कक्षा १ मा कक्षा छाड्ने दरमा कमी आएको देखिन्छ । कक्षा १ मा २०६९ सालमा कक्षा छाड्ने २४ जना विद्यार्थी मध्ये १९ जना सोभै भर्ना भएकाले र ५ जना मात्र पूर्व प्राथमिक कक्षाको अनुभव लिएकाले छोडेको देखिन्छ । त्यसैगरि पूर्व प्राथमिक कक्षाको अनुभव हासिल गरेकाहरूले भन्दा प्राथमिक कक्षाको अनुभव नलिई कक्षा १ मा भर्ना भएकाहरूमध्ये कक्षा २ र ३ मा पनि क्रमशः १३ र ७ ले छाडेको देखिन्छ । यसर्थ पूर्व प्राथमिक कक्षाको अनुभव लिएर आएका वालवालिकाहरू भन्दा अनुभव नलिई सोभै कक्षा १ मा भर्ना हुनेहरूले बढी कक्षा छाड्ने गरेको तथ्य स्पष्ट हुन्छ । त्यसैले प्राथमिक तहको शिक्षामा सुधारगर्न

सामुदायिक विद्यालयहरूमा पूर्व प्राथमिक कक्षाको व्यवस्थापन हुनु आवश्यक देखिन्छ ।

### ४.३.२ कक्षा दोहोऱ्याउने दर

तालिका ४ : कक्षा दोहोऱ्याउने दर

| क्र.सं. | विद्यालयहरूको नाम | स्रोतकेन्द्र | २०६९ कक्षा १ कक्षा दोहोऱ्याउने विद्यार्थी | | | २०७० कक्षा २ कक्षा दोहोऱ्याउने विद्यार्थी | | | २०७१ कक्षा ३ कक्षा दोहोऱ्याउने विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा विद्यार्थी | पूर्व प्रा.वाट | सोझै | जम्मा विद्यार्थी | पूर्व प्रा.वाट | सोझै | जम्मा विद्यार्थी | पूर्व प्रा.वाट | सोझै |
| १ | सरस्वती नि.मा.वि. | हल्दिवारी | ८ | १ | ७ | ५ | ० | ५ | २ | १ | १ |
| २ | राष्ट्रिय एकता प्रा.वि. | हल्दिवारी | ३ | १ | २ | ० | ० | ० | २ | ० | २ |
| ३ | हल्दिवारी उ.मा.वि. | हल्दिवारी | ३ | ० | ३ | ७ | २ | ५ | ० | ० | ० |
| ४ | कञ्चनजंघा प्रा.वि. | गौरादह | ३ | १ | २ | ० | ० | ० | ० | ० | ० |
| ५ | जनता प्रा.वि. | गौरादह | १ | ० | १ | ० | ० | ० | ० | ० | ० |
| ६ | भद्रकाली उ.मा.वि. | गौरादह | ३ | १ | २ | १ | ० | १ | ० | ० | ० |
| | जम्मा | | २१ | ४ | १७ | १३ | २ | ११ | ४ | १ | ३ |

*स्रोत: सम्बन्धीत विद्यालयको अभिलेख, २०७१*

प्रस्तुत तालिकाबाट के स्पष्ट हुन्छ भने पूर्व प्राथमिक कक्षाको व्यवस्थापनबाट कक्षा १ मा कक्षा दोहोऱ्याउने दरमा कमी आएको देखिन्छ । कक्षा १ मा कक्षा दोहोऱ्याएका २१ जना विद्यार्थीमा १७ जना विद्यार्थीहरूले पूर्व प्राथमिक कक्षाको अनुभव नभएका र ४ जना मात्र पूर्व प्राथमिक कक्षाको अनुभव भएका पाइयो । त्यसैगरि कक्षा २ मा पनि कक्षा दोहोऱ्याएका १३ जना विद्यार्थीहरू मध्ये ११ जनाले पूर्व प्राथमिक तह अध्ययन गरेका छैनन् मात्र २ जना ले पूर्व प्राथमिक कक्षा पढेतापनि कक्षा दोहोऱ्याएको देखियो । त्यसैगरी ति नै विद्यार्थीहरू २०७१ सालमा

कक्षा ३ मा हुँदा कक्षा दोहोऱ्याउने ४ जना विद्यार्थीहरूमा ३ जनाले पूर्व प्राथमिक कक्षा नपढेको पाइन्छ । यसर्थ पूर्व प्राथमिक कक्षाको अनुभव लिएर आएका वालवालिकाहरू भन्दा सोझै कक्षा १ मा भर्ना हुने वालवालिकाहरूले कक्षा दोहोऱ्याउने गरेको तथ्य स्पष्ट हुन्छ । त्यसैले प्राथमिक तहको शिक्षामा सुधारगर्न सामुदायिक विद्यालयहरूमा पूर्व प्राथमिक कक्षाको व्यवस्थापन हुनु आवश्यक देखिन्छ । पुनः उही कक्षा दोहोऱ्याउनु भनेको उक्त वर्षको लगानीको पूर्ण प्रतिफल प्राप्त नहुनु हो ।

### ४.३.३ कक्षा उत्तीर्ण दर

तालिका ५ : कक्षा उत्तीर्ण दर

| क्र.सं | विद्यालयहरूको नाम | स्रोतकेन्द्र | २०६९ कक्षा १ | | | २०७० कक्षा २ | | | २०७१ कक्षा ३ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा विद्यार्थी | पूर्व प्रा.वाट | सोझै | जम्मा विद्यार्थी | पूर्व प्रा.वाट | सोझै | जम्मा विद्यार्थी | पूर्व प्रा.वाट | सोझै |
| १ | सरस्वती नि.मा.वि. | हल्दिवारी | २६ | ९४.४४ | ६१.११ | २५ | ९४.७३ | ४५.४५ | २६ | ९३.७५ | ५१.६३ |
| २ | राष्ट्रिय एकता प्रा.वि. | हल्दिवारी | १२ | ७० | २९.४१ | ११ | ९० | १७.२७ | ११ | ९४.२७ | ३९.४१ |
| ३ | हल्दिवारी उ.मा.वि. | हल्दिवारी | ३२ | ८५ | ४० | ३१ | ८८.२३ | ४१.६६ | ३३ | १०० | १०० |
| ४ | कञ्चनजंघा प्रा.वि. | गौरादह | ४ | ७५ | २५ | ३ | १०० | १०० | ५ | १०० | १०० |
| ५ | जनता प्रा.वि. | गौरादह | ११ | ८७.१३ | ३७.३६ | १२ | ९२ | ४३ | १३ | १०० | १०० |
| ६ | भद्रकाली उ.मा.वि. | गौरादह | २६ | ८४.४२ | ३६.४१ | २७ | ९४ | ४१ | २८ | १०० | १०० |
| | जम्मा | | १११ | ८२.६६ | ३८.२१ | १०९ | ९३.१६ | ४७.९९ | ११६ | ९८ | ८१.८४ |

*स्रोत: सम्बन्धीत विद्यालयको अभिलेखहरू, २०७१*

प्रस्तुत तालिकावाट के स्पष्ट हुन्छ भने पूर्व प्राथमिक कक्षाको व्यवस्थापनबाट कक्षा १ मा उत्तीर्ण दर सन्तोषजनक रहेको देखिन्छ । पूर्व प्राथमिक कक्षाको अनुभव लिएर आएका वालवालिकाको भन्दा कक्षा १ मा सोझै भर्ना हुने वालवालिकाहरूको उत्तीर्ण दर कम रहेको देखिन्छ । पूर्व प्राथमिक कक्षाको अनुभव लिएका वालवालिकाहरूको कक्षा १ उतीर्ण दर ८२.६६% रहेको छ भने पूर्व प्राथमिक

कक्षाको अनुभव नलिइ सोझै कक्षा १ मा भर्ना हुने वालवालिकाहरूको उत्तीर्ण दर ३८.२१% मात्र छ त्यसै गरि कक्षा २ र कक्षा ३ मा पनि क्रमश ९३.१६% र ४७.९९% र ९८% र ८१.८४% रहेको छ । जुन औषत दर भन्दा कम छ तर पूर्व प्राथमिक कक्षाको अनुभव लिएका वालवालिकाहरूको उत्तीर्ण दर औषत भन्दा उच्च रहेको देखिन्छ । त्यसैले प्राथमिक तहको शिक्षामा सुधारगर्न सामुदायिक विद्यालयहरूमा पूर्व प्राथमिक कक्षाको व्यवस्थापन हुनु आवश्यक भएको तथ्य स्पष्ट हुन्छ ।

## ४.४ लक्षित समूहसंगको छलफलबाट प्राप्त सूचनाहरू

पूर्व प्राथमिक कक्षाको व्यवस्थापनले कक्षा १ को सिकाइ उपलब्धिमा पारेको प्रभावको अध्ययनको लागि छनौट गरिएका जनसंख्यावीच विविध प्रश्नावलीहरू तयार गरि प्रस्तुत गरिएको थियो जसलाई अनुसूचीमा समावेश गरिएको छ । तिनै प्रश्नावलीहरूको आधारमा प्राप्त विवरणहरू निम्नानुसार प्रस्तुत गरीएको छ ।

**क) विद्यार्थीहरूसँग भराइएको प्रश्नावलीबाट प्राप्त संकलित विवरण**

विद्यार्थीहरू पूर्व प्राथमिक कक्षाको अनुभव लिएर कक्षा १ मा भर्ना भएका र पूर्व प्राथमिक कक्षा नपढी सोझै आएका छुट्याउन सोधीएको तिमी शुरुमा कुन कक्षामा भर्ना भयौ ? भन्ने प्रश्नमा पूर्व प्राथमिक कक्षाको अनुभव भएकाले लेखेर उत्तर दिए र क ख र A B C Dपनि राम्रोसंग लेखे भने पूर्व प्राथमिक कक्षाको अनुभव नभएका धेरैले क, ख र A B C Dपनि पूरा लेख्न सकेनन् । विद्यालय आउन लाग्ने समयको वारेमा ७०% आधा घण्टाभन्दा कम १५% ले आधा घण्टा लाग्ने र १५% विद्यार्थीले आधा घण्टा भन्दा बढि लाग्ने वताएका छन् । त्यसैगरि कक्षामा वस्ने ठाउँ सन्दर्भमा ८०% विद्यार्थीले वस्न सजिलो हुनेगरि कार्पेटिङ्ग गरिएको कक्षामा भुइँमा वस्ने व्यवस्था भएको र वाँकी विद्यार्थीहरूले डेक्स वेन्च भएको वताएका छन् । ९०% विद्यार्थीहरूले गोलो घेरामा बसाउने गरेको कुरा र १०% लहरमा राख्ने गरेको वताएका छन् ।

मन पर्ने सरले कसरी पढाउनुहुन्छ भन्ने प्रश्नमा ९०% विद्यार्थीहरूले खेल खेलाएर र १०% विद्यार्थीहरूले शैक्षिक सामग्री देखाएर र किताव हेरेर भन्ने विकल्पमा कसैले पनि आफ्नो धारणा राखेको पाइएन । विद्यालयमा मनपर्ने कुरा के के हुन भन्ने प्रश्नमा कक्षा कोठा, खेलमैदान, वस्ने डेस्क वेन्च, खेल खेलाएर

र शैक्षिक सामग्री देखाएर पढाउने सरहरू, सधै विद्यालयमा आउने सरहरू जस्ता कुराहरू औल्याएरका छन् ।

विद्यालयमा के के भयो भने तिम्रो पढाई राम्रो हुन्छ भन्ने सवालमा शिक्षक पुरा भए, कक्षाकोठा रमाइलो भए, शिक्षकको नियमित उपस्थिति, शैक्षिक सामग्रीको प्रयोग, खेल विधिको प्रयोग, सफा खेलमैदान, घण्टीहरू खाली नभएर पुरा समय पढाइ भएमा पढाई राम्रो हुने कुरा वताएका छन् ।

**ख) अभिभावकहरूसंग भराइएको प्रश्नावलीबाट प्राप्त संकलित विवरणहरू**

वच्चालाई शुरुमा कहाँ भर्ना गर्नु भयो भन्ने प्रश्नमा ६५% अभिभावकले वालविकास केन्द्रमा र ३५% अभिभावकले कक्षा १ मा भनि वताएका छन् । तपाइका वालवालिकाले मन पराउने कुरा के हुन् भन्ने सवालमा सवै उत्तरदाताले खेल्न मन पराउने वताएका छन् ।

वालवालिकाहरूको पढाइ अझ सुधारगर्न के गर्नु पर्ला भन्ने सवालमा शौचालय, घेरावारा, खानेपानी, राम्रो पढाउने शिक्षक, वाल मनोविज्ञान वुझेर, शैक्षिक सामग्रीबाट सिकाउनु पर्ने खेल विधि, भ्रमण, प्रयोगात्मक विधिको प्रयोगरि शिक्षण गर्नु पर्ने, कक्षाकोठाको व्यवस्थापनमा सुधार गर्नुपर्ने, शिक्षकले गृहकार्य सधै परीक्षण गर्नु पर्ने र निरन्तर मूल्याङ्कन प्रणालीमा जोड दिनु पर्ने कुरा वताएका छन् ।

**ग) सहयोगी कार्यकर्ता र कक्षा एक अध्ययापन गराउने शिक्षकहरूसंग भराइएको प्रश्नावलीबाट प्राप्त संकलित विवरण**

वालवालिकालाई वालविकास केन्द्रमा किन पढाउनु पर्छ भन्ने सवालमा प्राय सवैले विद्यालय आउन वानी वसाल्न भनि वताएका छन् । पूर्व प्राथमिक कक्षाको व्यवस्थापन कसरी गरीएको छ भन्ने सवालमा सवैले छुट्टै कक्षामा राखेर गरीएको वताएका छन् ।

वालवालिकाहरूको सिकाइ उपलब्धि न्यून हुनका कारण के महशुस गर्नु भएको छ भन्ने सवालमा अभिभावकहरूले वालवालिकाहरूको पढाइ प्रति चासो नदेखाएर, विद्यार्थीहरूको नियमित उपस्थिति नभएर, घरमा शैक्षिक वातावरण नभएर, शैक्षिक सामग्री (कापी, पेन्सिल) समयमा अभिभावकहरूले उपलब्ध नभएर, कमजोर आर्थिक अवस्था र अशिक्षा कारक रहेको वताएका छन् ।

वालवालिकाहरूको सिकाइ उपलब्धि राम्रो वनाउन के गर्नु पर्ला भन्ने सवालमा शिक्षक नियमित हुनुपर्ने, शैक्षिक सामग्रीहरूको प्रयोग गर्नु पर्ने, कक्षा शिक्षण हुनुपर्ने, खेल विधिलाई जोड दिनु पर्ने, विद्यार्थीहरूको निरन्तर मूल्याङ्कन गर्ने, अभिभावकसंग नियमित परामर्श गर्ने शिक्षकलाई तालिमको व्यवस्था हुनुपर्ने वालवालिकाहरूलाई दैनिक पेन्सिल कपी दिएर विद्यालय पढाउनु पर्ने जस्ता सुझावहरू प्रदान गरेका छन् ।

विद्यालय व्यवस्थापन समितिले कक्षा कोठा र शैक्षिक सामग्रीहरूको उपयुक्त व्यवस्थापन, नीति, निर्देशन, दण्ड र पुरस्कार, कक्षा शिक्षणकालागि उपयुक्त व्यवस्था मिलाइ दिएर, विद्यालयमा आवश्यक पूर्वाधार पुरा गर्नु पर्ने, तालिमको व्यवस्था, नियमित अनुगमन भौतिक सुविधाको व्यवस्थापनमा जोड दिनुपर्ने कुरा वताएका छन् भने जिल्ला शिक्षा कार्यालयले नियमित अनुगमन मूल्याङ्कन, दण्ड पुरस्कारको व्यवस्था, तलव भत्ता वढाउनु पर्ने, समय समयमा तालिमको व्यवस्था गर्नु पर्ने कुरामा जोड दिएका छन् ,

**घ) प्रधानाध्यापक संग भराइएको प्रश्नावलीबाट प्राप्त संकलित विवरण**

पूर्व प्राथमिक कक्षाको अनुभव लिएर आएका र सोझै कक्षा १ मा भर्ना भएका वालवालिकाहरूका वीचमा के फरक पाउनु भएको छ भन्ने सवालमा ि वद्यालय आउन वानी परि सकेका, आफ्नो किताव, कपी पेन्सिल झोलामा राखेर, शिष्ट र अनुशासित तरिकाले विद्यालय आउने विद्यालयमा नियमित, उपस्थित हुने, पढन लेख्न मन लगाउने र साथी साथी वीचमा घुलमिल छिटो हुने जस्ता कुराहरू पूर्व प्रा.वि.बाट आएका वालवालिकाहरूमा हुने गरेको वताएका छन् ।

कक्षा १ मा विद्यार्थी भर्ना गर्दा कुन कुरालई आधार मान्नु भएको छ भन्ने सवालमा सवैले पूर्व प्राथमिक कक्षाको अनुभव लिएकाहरू र भर्ना हुन आउने उमेर पूरा भएका सवैलाई भर्ना गर्ने गरेको वताएका छन् । कक्षा १ को नतिजा कसको राम्रो पाउनु भएको छ भन्ने सवालमा सवै उत्तरदाताहरूले पूर्व प्राथमिक कक्षाको अनुभव लिएका वालवालिकाहरूको राम्रो रहेको वताएका छन् ।

कक्षा १को सिकाइ उपलब्धि न्यून हुनका कारणहरू के महशुस गर्नु भएको छ भन्ने सवालमा नियमित उपस्थिति नहुने र परीक्षामा लिखित प्रश्नहरू दिने गरेकाले कम उमेरका वालवालिकाहरू कक्षा १ मा भर्ना गर्नु, पूर्व प्राथमिक

कक्षाको कार्यक्रम १ वर्षको मात्र हुनु परिवारको कमजोर आर्थिक अवस्था, अभिभावकको पढाइ प्रति कम चासो, दिवा खाजाको व्यवस्था नहुनु, वालवालिकाहरू आवश्यक सामग्रीहरू जस्तै किताव कापी पेन्सिल नलिइ विद्यालय आउनु जस्ता कारण औल्याएका छन् ।

कक्षा १ को वालवालिकाहरूको सिकाइ उपलब्धि राम्रो वनाउन के गर्नु पर्ला भन्ने सवालमा शिक्षकले कक्षामा विद्यार्थीहरूलाई बढी भन्दा बढी सक्रिय गराउने वालमैत्रीपूर्ण कक्षाको व्यवस्थापन, कक्षा शिक्षण, नियमितता जागिरे मानासिकताबाट सेवाको भावना बढी हुनु शैक्षिक सामग्री निर्माण र प्रयोगमा सिपालु र खेल विधिबाट स्तरीय शिक्षण गने एवं वालवालिकाहरूको रुचि अनुसारको शिक्षण गर्न सक्ने सीप भएको शिक्षक हुनु पर्ने कुराहरू सुझाव दिएका छन् ।

अभिभावकहरूले वालवालिकाहरूको पढाइको वारेमा चासो राख्ने र नियमित रुपमा पढ्न पठाउने, वच्चाहरूको आहार विहारमा ध्यान दिने, शिक्षकसंग भेटघाट गरि वालवालिकाहरूको पढाइको जानकारी लिने, खाजाको व्यवस्था गर्ने, वालवालिकालाई पेन्सिल र कापी उपलब्ध गराउने, घरमा पढने वातावरण मिलाउने । विद्यालय व्यवस्थापन समितिले कक्षा कोठामा विद्यार्थीको वसाइ व्यवस्था मिलाउने, विद्यालयको भौतिक पक्षमा सुधार गर्ने, नियमित रुपमा रेखदेख र अनुगमन गर्ने । वालवालिकाहरूलाई नियमित रुपले विद्यालय पठाउन अभिभावकलाई अनुरोध गर्नु पर्ने उल्लेख गरेका छन् । त्यस्तै जिल्ला शिक्षा कार्यालयले शिक्षक तालिम, समय समयमा विद्यालय सुपरिवेक्षण गरि पुरस्कार र दण्डको व्यवस्था गर्नुपर्ने शिक्षकको तलव भत्ता वढाउन पहल गर्नुपर्ने कुरा वताएका छन् ।

**ङ) वि.व्य.स.हरूसंग भराइएको प्रश्नावलीबाट प्राप्त संकलित विवरण**

कक्षा १को सिकाइ उपलब्धि न्यून हुनका कारणहरू के महशुस गर्नु भएको छ भन्ने सवालमा वालवालिकाहरूको न्यून उपस्थिति, अभिभावकको आर्थिक अवस्था कमजोर भएर अशिक्षित अभिभावक, विद्यालयमा खेल सामग्रीको अभाव हुनु वताएका छन् ।

कक्षा १ को वालवालिकाहरूको सिकाइ उपलब्धि राम्रो वनाउन के गर्नु पर्ला भन्ने सवालमा शिक्षकले विद्यार्थीलाई मायालु व्यवहार देखाएर, निरन्तर मुल्याङ्कन गर्ने, अभिभावक संग छलफल गर्ने, वालमैत्री शिक्षण, शिक्षकको नियमितता खेल विधिबाट शिक्षण, वालवालिकाहरूलाई नियमित कापी पेन्सील जस्ता सामग्री उपलब्ध गराउनु पर्ने कुरमा जोड दिएका छन् ।

प्रधानाध्यापकले विद्यार्थीको निरन्तर मूल्यङ्कनको व्यवस्था मिलाउने, कक्षा निरीक्षण जोडदिने, उपयुक्त कक्षा कोठाको र शैक्षिक सामग्रीहरूको व्यवस्थापन गर्ने र जिल्ला शिक्षा कार्यालयले विद्यालय निरीक्षण सुपरिवेक्षणमा जोड दिने, वाल मनोविज्ञानमा दख्खल भएको शिक्षकको व्यवस्था गर्ने, शिक्षक तालिमको व्यवस्था गर्ने, दण्ड र पुरस्कारको व्यवस्था, शिक्षकलाई शिक्षण सुधारकालागि सुझाव दिने जस्ता सुझाव दिइएका छन् ।

**च) जि.शि.अ. विद्यालय निरीक्षकहरू, स्रोत व्यक्तिहरूसंग भराइएको प्रश्नावलीबाट संकलित विवरणहरू**

कक्षा १ मा कस्ता वच्चाहरू भर्ना गर्ने गरिएको छ भन्ने सवालमा सवै उत्तरदाताहरूले ५ वर्ष उमेर पुरा गरेका र पूर्व प्राथमिक कक्षाको अनुभव लिएका वालवालिकाहरूलाई भर्ना गर्ने गरेको वताएका छन् ।

कक्षा १को सिकाइ उपलब्धि न्यून हुनका कारणहरू के होला भन्ने सवालमा शिक्षकले तालिममा सिकेको सीप कक्षा कोठामा प्रयोग नगर्नु, विद्यार्थीहरूको उपस्थिति न्यून हुनु उपयुक्त कक्षा व्यवस्थापन नहुनु, वालमैत्रीपूर्ण शिक्षण सिकाइ क्रियाकलाप नहुनु, विद्यार्थीहरूको निरन्तर मूल्याङ्कन नगर्नु जस्ता कुराहरू वताएका छन् । कक्षा १ को सिकाइ उपलब्धि राम्रो वनाउन के गर्नु पर्ला भन्ने सवालमा शिक्षकले विद्यार्थीहरूलाई मायालु व्यवहार गरेर, नियमित कक्षा संचालन, गृहकार्यमा जोड दिने शिक्षणमा शैक्षिक सामग्रीहरूको अत्याधिक प्रयोग, तालिममा सिके अनुसार अध्ययापन गर्ने, वालमैत्री शिक्षण गर्ने, खेल विधिबाट शिक्षण गर्ने, समय समयमा अभिभावक भेला गराउने जस्ता कार्यहरू गर्नुपर्ने वताएका छन् ।

प्रधानाध्यापकले सहभागितामूलक योजना निर्माण गरि कार्यान्वयनमा जोड दिने, विद्यार्थीहरूको निरन्तर मूल्याङ्कनको व्यवस्था मिलाउने, कक्षा निरीक्षणमा

जोड दिने जिल्ला शिक्षा कार्यालयले अनुगमन निरीक्षणमा जोड र वालमनोविज्ञानको ज्ञान भएको शिक्षकको व्यवस्था गर्ने, तालिमको व्यवस्था, दण्ड पुरस्कारको व्यवस्था, विद्यार्थी अभिभावक र शिक्षकहरू बीचमा आपसी समन्वय गर्ने, वि.व्य.स. संग परामर्श लिने, कक्षा अवलोकन गर्ने, शिक्षकलाई शिक्षण सुधारकालागि सुझाव दिने, स्रोत र साधनको खोजी गर्ने र शिक्षकले शिक्षण गरे नगरेको रेखदेख गर्नु पर्ने सुझावहरू प्रदान गरेका छन् ।

## ४.५. सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारणहरूको विश्लेषण

वालवालिकाहरूको सिकाइ उपलब्धिमूलक वनाउन विद्यालयमा वालमैत्रीपूर्ण वातावरण निर्माण हुनु जरुरी छ । विद्यालयको वातावरणमा वालवालिकाहरू रमाउन सके भने शिक्षण सिकाइ क्रियाकलापहरू प्रभावकारी हुने र वालवालिकाहरूको सिकाइ उपलब्धिमा वृद्धि हुन्छ । वास्तवमा वालवालिकाहरूको सिकाइमा के कस्ता कुराहरूले प्रभाव पारेको हुन्छ भन्ने सन्दर्भमा सरोकारवालाहरूसंग व्यापक छलफल, प्रश्नावलीहरू प्रयोग गरि उत्तर लिने व्यवस्था गरीएको थियो । जसमा निम्न कुराहरू मुख्य तत्वको रुपमा रहेको पाइयो ।

### ४.५.१.परिवारिक पृष्ठभूमि

वालवालिकाहरूको सिकाइमा पारिवारिक पृष्ठभूमिले ठुलो असर पारेको हुन्छ भन्ने कुरा छलफलमा सहभागीहरूले वताए । शिक्षित परिवारका वालवालिकाहरू विद्यालयमा नियमित उपस्थित हुने, सधै पढाइका सामग्रीहरू लिएर विद्यालय आउने, वालवालिकाहरूले पढाइ प्रति चासो राख्ने, घरमा पनि सिक्ने वातावरण वनाउने जस्ता कुरामा जोड दिने गरेको पाइन्छ । अशिक्षित परिवारमा वालवालिकाहरूले विद्यालयमा गए पुगी हाल्छ भन्ने बुझेका हुन्छन् । त्यसैले उनीहरूका वालवालिकाहरूको सिकाइ उपलब्धि न्यून हुने गर्दछ । तसर्थ वालवालिकाहरूको सिकाइ उपलब्धिमा पारिवारिक पृष्ठभूमिले पनि असर पुऱ्याएको पाइन्छ ।

### ४.५.२.अभिभावकको आर्थिक विपन्नता

वालवालिकाहरूको सिकाइमा आर्थिक विपन्नताले पनि ठूलो असर पुऱ्याएको पाइन्छ । अभिभावकहरूले वालवालिकाहरूलाई समयमा पढाइका सामग्रीहरू कापी पेन्सिल उपलब्ध गराउन नसक्ने, वालवालिकाहरूलाई घरको काममा लगाई अभिभावकहरू आय आर्जनका लागि घर वाहिर जाने र फुर्सतको समयमा मात्र

विद्यालय पठाउने उनीहरूको नियति रहेको हुन्छ । जसले वालवालिकाहरूको प्रत्यक्षरुपमा सिकाइमा असर पुग्छ ।

**४.५.३.उपयुक्त वसाइ व्यवस्थापनको अभाव**

विद्यालयमा वालवालिकाहरूको वसाइ उपयुक्त किसिमको नहुँदा पनि सिकाइमा असर पुगेको छ । विशेषगरि ५ वर्ष सम्मका वालवालिकाहरूलाई उनीहरूको रूचि अनुसार सिक्न पाउनेगरि वसाइको व्यवस्थापन गर्नु पर्ने हुन्छ । जहाँ वालवालिकाहरू बढी रमाउँछन् । वालवालिकाहरू कक्षामा सुत्न सक्ने सम्मको व्यवस्थापन गरिनुलाई राम्रो मानिन्छ । डेक्स वेन्चको सट्टा वालवालिकाहरूलाई भुँइमा वस्ने व्यवस्था मिलाउन सके वसाइ व्यवस्थापन राम्रो मानिन्छ र सिकाइ राम्रो हुन्छ ।

**४.५.४.आधुनिक शिक्षण सिकाइ क्रियाकलापको अभाव**

विद्यालयमा वालमैत्री पूर्ण वातावरणमा शिक्षण सिकाइ क्रियाकलापहरू संचालन गर्नु पर्नेमा सो अनुसार नगर्नु तालिममा सिकेका सीपहरूलाई कक्षाकोठामा उपयोग गर्नु पर्नेमा सो अनुसार नगर्नु, विद्यालयले प्राथमिक तहका तल्ला कक्षामा बढि ध्यान दिनु पर्नेमा सो नगर्नु, आधुनिक शिक्षण विधिहरूको उपयोगमा जोड दिनु पर्नेमा सो नहुनु जस्ता कारणले वालवालिकाहरूको सिकाइ उपलब्धिमा असर पुगेको कुरा उल्लेख गरेको पाइयो ।

**४.५.५.शैक्षिक सामग्रीहरूको प्रयोगको अभाव**

शिक्षकले शिक्षण सिकाइ क्रियाकलाप शैक्षिक सामग्रीको प्रयोग गरि सञ्चालन गर्ने र वालवालिकाहरूले रमाएर सिक्न पाउने वातावरण हुनुपर्नेमा सामग्रीको अभावको कारणले वालवालिकाको सिकाइ उपलब्धिमा असर परेको छ ।

**४.५.६.शिक्षकको उपस्थितिमा अनियमितता**

विद्यालयको कक्षाकोठा भित्र सञ्चालन हुने शिक्षण सिकाइ क्रियाकलापहरूको नेतृत्व गर्ने व्यक्ति शिक्षक हो । शिक्षकको नियमित उपस्थित नहुँदा प्रत्यक्ष रुपमा शिक्षण सिकाइ क्रियाकलापमा असर पुग्छ । जसले विद्यार्थीहरूको सिकाइ उपलब्धिमा असर पुग्दछ । शिक्षकहरूको विद्यालयमा हुने अनियमित उपस्थिति पनि विद्यार्थीहरूको सिकाइ उपलब्धि न्यून हुने कारण हो ।

**४.५.७.शिक्षकको व्यवहार**

विद्यार्थीको सिकाइमा शिक्षकले गर्ने व्यवहारले पनि प्रत्यक्ष असर पुऱ्याँदछ । शिक्षकले गर्ने व्यवहार वालमनोविज्ञान अनुरुप हुनु पर्दछ । जसले वालवालिकाहरूलाई विद्यालय आँउ आँउ हुने सिकाइ वातावरणमा रमाउने, सिक्न उत्सुक रहने जस्ता क्रियाकलापहरू व्यक्त गर्दछ र उसको सिकाइ उपलब्धिमा वृद्धि हुन सहयोग पुग्दछ ।

**४.५.८.विद्यालय पुग्न लाग्ने समय**

वालवालिकाहरूलाई थोरै समयमा विद्यालय पुग्न सक्ने अवस्था रहेमा पनि वालवालिकाहरूको सिकाइ उपलब्धिमा सुधार हुन सक्छ । वालवालिकाहरूलाई विद्यालय पुग्न समय थोरै लाग्दा वालवालिकाहरू थकित नहुने हुँदा सिकाइमा सक्रिय सहभागिता देखाउन सक्दछन् र उसको सिकाइ उपलब्धिमा वृद्धि हुन पुग्छ ।

**४.५.९.पूर्व प्राथमिक कक्षाको समय अवधि**

वालवालिकाहरूलाई १ वर्षे पूर्व प्राथमिक कक्षामा राखेर कक्षा १ मा भर्ना गर्ने व्यवस्थामा सस्थागत विद्यालयले झैं नर्सरी, एल.केजी, यू.केजी पढेर मात्र कक्षा १ मा भर्ना गर्ने जसले गर्दा उसले ३ वर्ष सम्म आधारभूत कुराहरूको धेरै ज्ञान हाँसिल गरेको हुन्छ । पूर्व प्राथमिक कक्षाको समय अवधि बढाउन सकेमा कक्षा १ को सिकाइ उपलब्धि बढि हुने कुरा सरोकारवालाहरूले वताएका छन् ।

## ४.६ सिकाइ उपलब्धिमा असर पार्ने सकारात्मक र नकरात्मक तत्वहरूको पहिचान र विश्लेषण

पूर्व प्राथमिक कक्षाको व्यवस्थापनले कक्षा १ को सिकाइ उपलब्धिमा पारेको प्रभाव सम्बन्धी अध्ययनका क्रममा सिकाइ उपलब्धि उच्च हुने र न्यून हुने कुरामा धेरै किसिमका तत्वहरूले असर पारेको पाइन्छ । विशेषत वालवालिकाहरूको सिकाइमा देखिएका सकारात्मक कुरालाई वढवा दिन सकियो र सिकाइलाई प्रत्यक्ष रुपमा असर पुऱ्याईरहेका तत्वहरूलाई समय मै व्यवस्थापन गर्न सक्दा स्वभाविक रुपले सिकाइ उपलब्धिमा वृद्धि हुन पुग्छ । यसै तथ्यलाई मध्यनजरगरि सरोकारवालाहरूसंग छलफल र प्रश्नावलीबाट बीचारहरू संकलन गर्दा निम्न तथ्यहरू पाइयो ।

**४.६.१.सकारात्मक तत्वहरू**

कक्षा १ मा अध्ययन गर्ने वालवालिकाहरूको विद्यालयले राखेको नतिजा अभिलेखको विश्लेषण गर्दा कतिपय वालवालिकाहरूको सिकाइ उपलब्धि उच्च रहेको पाइयो । जसलाई नजिकबाट विश्लेषण गर्दा निम्न कुराहरू पाइएको थियो ।

क) अभिभावकहरूले वालवालिकाहरूको पढाइ लेखाइमा अत्यन्त चासो लिने गरेको ।

ख) वालवालिकाहरूको घरबाट विद्यालय नजिक रहेको ।

ग) विद्यालयमा वालमैत्री शिक्षण हुने गरेको ।

घ) कक्षा १ को लागि विद्यालयमा भए मध्येको अत्यन्त राम्रो कक्षा कोठा उपलब्ध गराइएको ।

ङ) कक्षा १ मा कक्षा शिक्षणको व्यवस्था भएको ।

च) पूर्व प्राथमिक कक्षाको अनुभव लिएर आएका वालवालिकाहरू सिकाइमा सक्रिय हुने र जिज्ञासु समेत हुने गरेकाले उनीहरूको सिकाइ उपलब्धि राम्रो रहेको ।

छ) शिक्षकले वालवालिकाहरूमाथि गर्ने शिष्ट व्यवहारले उनीहरूको सिकाइमा सकारात्मक प्रभाव पारेको ।

ज) विद्यालयमा बढी नियमित उपस्थित हुने वालवालिकाहरूको सिकाइ उपलब्धि राम्रो रहेको ।

**४.६.२.सुधार गर्नु पर्ने पक्ष**

कक्षा १ मा अध्ययन गर्ने वालवालिकाहरूको नतिजा विश्लेषण र उत्तरदाताहरूबाट आएका उत्तरहरूको आधारमा निम्न कुराहरूमा सुधार गर्न सकिएको अवस्थामा कक्षा १ का वालवालिकाहरूको सिकाइ उपलब्धिमा सुधार हुनका साथै विद्यालय छाड्ने, कक्षा दोहोर्‍याउने जस्ता कुराहरूमा सुधार आई शैक्षिक प्रणालीमा सुधार हुने विश्वास गर्न सकिन्छ ।

क) अभिभावकहरूले वालवालिकाहरूलाई नियमित रुपमा विद्यालय पठाउनु पर्दछ ।

ख) वालवालिकाहरूलाई विद्यालय पठाउदा कापी, किताव, पेन्सिल जस्ता आधारभूत कुराहरू दिएर पठाउनु पर्छ ।

ग) आभिभावकहरूले वालवालिकाहरूको पढाइ लेखाइ प्रति चासो राखि शिक्षकहरूसंग सोधपुछ गर्ने गर्नुपर्दछ ।

घ) विद्यालयले आधारभूत तहका तल्ला कक्षाहरूमा कक्षा शिक्षणमा जोड दिनु पर्दछ ।

ङ) विद्यालयमा भएका कक्षाकोठा मध्ये कक्षा १ को लागि सवै भन्दा राम्रो कक्षाकोठा उपलब्ध गराउनु पर्दछ ।

च) प्रधानाध्यापकले नियमित रुपमा अनुगमन गर्नु पर्दछ ।

छ) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अनुरुप विद्यार्थीको मुल्याङ्कन गर्नु पर्दछ ।

ज) वालवालिकाहरूलाई कक्षा भित्र बसाइ व्यवस्थापन गर्ने क्रममा भूइमा गोलो धेरामा वस्न मिल्नेगरी व्यवस्थापन गर्नु पर्दछ ।

झ) शैक्षिक सामग्रीको प्रयोगबाट शिक्षण सिकाइ क्रियाकलाप गर्न जोड दिनु पर्दछ ।

ञ) शिक्षकको अनुपस्थिती भएमा पनि कक्षा क्रियाकलाप हुन सक्ने पद्धतिको विकास गर्नु पर्दछ ।

ट) कक्षा कोठाको व्यवस्थापनमा विशेष ध्यान दिनु पर्दछ ।

ठ) प्रयाप्त खेल सामग्रीको कक्षामा व्यवस्था हुनु पर्छ ।

यस शोधपत्रको सारंसको रुपमा निम्न तथ्यहरू संलग्न भएका छन् ।

पूर्व प्राथमिक कक्षाको अनुभव लिएका र सोझै कक्षा १ मा भर्ना भई अध्ययन गर्ने वालवालिकाहरूको कक्षा १ देखि कक्षा ३ सम्मको परीक्षाको अभिलेखहरू अध्ययन गर्दा पूर्व प्राथमिक कक्षाको अनुभव लिएका वालवालिकाहरूको उपलब्धि उच्च रहेको पाइयो ।

कक्षा १ देखि ३ सम्मको अभिलेख अध्ययन गर्दा प्रत्येक कक्षामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने वालवालिकाहरूमा पूर्व प्राथमिक कक्षाको अनुभव लिएकाहरू रहेको पाइयो ।

विद्यालय छाड्ने , कक्षा दोहोऱ्याउने र उत्तीर्ण दर न्यून, पूर्व प्राथमिक कक्षा नपढी सोझै कक्षा १ मा भर्ना हुने वालवालिकाहरूमा अत्यधिक रहेको पाइयो । विद्यालयमा पूर्व प्राथमिक कक्षालाई छुट्टै कक्षामा राखि व्यवस्थापन गरेको पाइयो । विद्यार्थीहरूको वसाइ व्यवस्थापन भुँइमा समुहमा मिलेर वस्ने गरेको पाइयो ।

विद्यालयमा मन पर्ने कुराहरूमा विद्यार्थीहरूले शैक्षिक सामग्रीहरूले सजावट भएको कक्षाकोठा, खेल मैदान, खेल खेलाएर पढाउने सरहरू, विद्यालयमा नियमित

हुने सरहरू औल्याएको पाइयो । आर्थिक अवस्था कमजोर र अशिक्षित अभिभावकका छोराछोरीहरू पढाइमा कमजोर रहेको पाइयो ।

पूर्व प्राथमिक कक्षा अध्ययन गरेका वालवालिकाहरू किताव कापी, पेन्सिल झोलामा राखेर नियमित विद्यालय आएको पाइयो भने पूर्व प्राथमिक कक्षा नपढेका किताव, कापी पेन्सिल नल्याइ आउने साथै नियमित विद्यालय पनि नआउने पाइयो ।

वालवालिकाहरूको सिकाइ उपलब्धिमा सुधारगर्न खानेपानी, शौचालय, घेरावारा, तालिम प्राप्त शिक्षक, खेल विधिबाट शिक्षण, वालमैत्री कक्षाकोठा हुनुपर्ने सुझावहरू प्राप्त भएका थिए । १ वर्षे पूर्व प्राथमिक कक्षालाई २ वर्षे वनाउनुपर्ने कुराको सुझाव प्राप्त भएको थियो ।

कक्षा १को सिकाइ उपलब्धि न्यून हुनका कारणहरू, वालवालिकाहरू नियमति उपस्थित नहुने र परीक्षामा लिखित प्रश्नहरू दिने गरेकाले, पढ्ने लेख्ने कार्यमा पूर्ण विकास नभई सकेकाले, कम उमेरका वालवालिकाहरू कक्षा १मा भर्ना गर्नु, परिवारको आर्थिक अवस्था कमजोर र परिवारमा जनचेतनाको कमी दिवा खाजाको व्यवस्था नहुनु, कमजोर शिक्षण विधिको प्रयोग, वालवालिकाहरू पढाइका सामग्रीहरू नलिइकन विद्यालय आउनु, जस्ता कारणहरू औल्याइएको पाइयो ।

कक्षा १ को वालवालिकाहरूको सिकाइ उपलब्धि राम्रो वनाउन के गर्नु पर्ला भन्ने सवालमा शिक्षकले विद्यार्थीलाई कक्षाकोठामा बढी सक्रिय गराउने, वालमैत्रीपूर्ण कक्षाको व्यवस्थापन, कक्षा शिक्षण, नियमितता, जागिरे मानसिकताबाट सेवाको भावना बढी हुनु, शैक्षिक सामग्रीको निर्माण र प्रयोग गरिनु , खेल विधिबाट वालवालिकाको रुचि अनुसारको शिक्षण गर्न सक्ने सीप भएको शिक्षक हुनु पर्नेमा जोड दिएको पाइयो । सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारणहरूमा पारिवारिक पृष्ठभुमि, आर्थिक विपन्नता, उपयुक्त वसाई व्यवस्थापनको अभाव, आधुनिक शिक्षण सिकाइ क्रियाकलापको अभाव, शैक्षिक सामग्रीहरूको प्रयोगको अभाव, साथी संगत, शिक्षकको व्यवहार, विद्यालयको दुरी रहेको पाइयो ।

# परिच्छेद पाँच : निश्कर्ष र सुझावहरू

## ५.१. निश्कर्ष

सन् १९५० देखि शुरु भएको प्रारम्भिक वालशिक्षा वा पूर्व प्राथमिक कक्षाको विस्तार हाल मुलुकभर ३४,१९३ वटा सञ्चालनमा छन् । यी वालविकास केन्द्र अर्थात पूर्व प्राथमिक कक्षाको व्यवस्थापनले प्राथमिक तहको शिक्षामा उल्लेखनिय रुपमा सुधार भएको आभाषले प्रत्येक विद्यालयहरूमा पूर्व प्राथमिक कक्षा र विद्यालय वाहिर समुदायहरूमा वाल विकास केन्द्र स्थापनामा जोड दिदै नेपाल सरकारले सन २०१५ सम्ममा शिक्षा क्षेत्रमा सुधार गर्ने अभिप्रायले संचालित महात्वकांक्षी महत्वपूर्ण पक्षको रुपमा पूर्व प्राथमिक कक्षा र वालविकास कार्यक्रम रहेको छ । दिनानुदिन नेपाल सरकारले पूर्व प्राथमिक शिक्षा कार्यक्रममा उल्लेखनीय लगानी गरि रहेको अवस्थामा विशेष गरि सामुदायिक विद्यालयहरूमा पूर्व प्राथमिक कक्षाको व्यवस्थापनले सिकाइ उपलब्धिमा के कस्तो प्रभाव पारेको छ भन्ने अध्ययनको सन्दर्भमा निम्नानुसारको निश्कर्ष प्रस्तुत गरिएको छ ।

पूर्व प्राथमिक कक्षाको अनुभव भएका वालवालिकाहरूमा विद्यालयमा आउँदा समयमा पढ्ने सामग्रीहरू किताव, कापी, पेन्सिल झोलाा राखेर आएको पाइयो उक्त कक्षाको अनुभव नभै सोझै कक्षा १ मा आउने वालवालिकाहरू कापी, कलम, पेन्सिल नलिइकन, तयारी नभैकन आउने गरेको निश्कर्ष छ ।

पूर्व प्राथमिक कक्षाको अनुभव लिएका र अनुभव नलिइ सोझै कक्षा १ मा भर्ना भई अध्ययन गर्ने वालवालिकाहरूको कक्षा १ देखि ३ सम्मको परीक्षाको अभिलेखहरू अध्ययनगर्दा पूर्व प्राथमिक कक्षाको अनुभव लिएका वालवालिकाहरूको उपलब्धि उच्च रहेको छ ।

कक्षा १ देखि ३ सम्मको अभिलेख अध्ययनगर्दा प्रत्येक कक्षामा प्रथम द्वितीय र तृतीय स्थान हासिल गर्ने वालवालिकाहरूमा पूर्व प्राथमिक कक्षाको अनुभव लिएकाहरू छन् ।

विद्यालय छड्ने कक्षा दोहोऱ्याउने र न्यून उत्तीर्ण दर पूर्व प्राथमिक कक्षाको अनुभव नलिइ कक्षा १ मा भर्ना हुने वालवालिकाहरूमा अत्याधिक रहेका छन् ।

वालवालिकाहरूको सिकाइ उपलब्धिमा सुधारगर्न विद्यालयमा वालमैत्री कक्षाकोठा, खानेपानी, शौचालय, तालिम प्राप्त शिक्षक खेलको माध्यामबाट सिकाइ, निरन्तर विद्यार्थी मूल्याङ्कन, मायालु वातावरण, दिवा खाजाको व्यवस्था, भ्रमण मनोरन्जात्मक वातावरण सृजनागरि शिक्षण गर्नुपर्ने निश्कर्ष रहेको पाइयो ।

कक्षा १को सिकाइ उपलब्धि न्यून हुनका कारणहरूमा वालवालिकाहरू विद्यालयमा नियमित उपस्थित नहुनु, परीक्षामा लिखित प्रश्नहरू दिने, कम उमेरका हुनु, परिवारको कमजोर आर्थिक अवस्था, परिवारमा शिक्षाको चेतनामा कमी, अभिभावकको शिक्षामा कम चासो, दिवा खाजाको व्यवस्था नहुनु, उपयुक्त शिक्षण विधिको प्रयोग नहुनु, वालवालिकाहरू आफ्ना कापी पेन्सिल किताव जस्ता आवश्यक सामग्रीहरू नलिइकन विद्यालय आउने भएकाले सिकाइ उपलब्धि न्यून हुनगएको निश्कर्ष छ ।

सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारणहरूमा पारिवारिक पृष्ठभुमि, आर्थिक विपन्नता, उपयुक्त वसाइ व्यवस्थापनको अभाव, आधुनिक शिक्षण सिकाइ क्रियाकलापको अभाव, प्रयाप्त शैक्षिक सामग्रीहरूको प्रयोगको अभाव, न्यून उपस्थिती, साथी संगत, शिक्षकको व्यवहार, विद्यालयको दुरी जस्ता कारक तत्वहरू रहेको निष्कर्ष छ ।

## ५.२ सुझावहरू

शोधपत्रलाई वस्तुनिष्ट र तथ्यपरक वनाउने क्रममा प्राप्त तथ्याङ्कहरूको व्यख्या विश्लेषण र अध्ययनका क्रममा लिएको अन्तवार्ता र भराइएको प्रश्नावलीबाट संकलित विवरणहरू माथि वताइए बमोजिम विद्यार्थीहरू, अभिभावकहरू, शिक्षकहरू, प्रधानाध्यापकहरू, वि.नि.हरू साथै जि.शि.अ. ज्यूका अमूल्य सुझावहरूलाई समेत मध्येनजर राखेर निम्नानुसारका सुझावहरू प्रस्तुत गरीएको छ ।

### ५.२.१ नीतिगत तह

कक्षा १ को सिकाइ उपलब्धिमा वृद्धिगर्न प्रत्येक विद्यालयमा पूर्व प्राथमिक कक्षाको स्थापनागरी कक्षा १ मा भर्ना हुने विद्यार्थीहरूले उक्त कक्षा अध्ययन गरे पछि मात्र भर्नाहुन पाउने कानूनी प्रावधान हुनु आवश्यक छ । पूर्व प्राथमिक कक्षा एवं वालविकास केन्द्रको व्यवस्थापन स्थानीय निकायले गर्ने कानूनी प्रावधान भए

पनि त्यसलाई सशक्त रुपमा कार्यन्वयन गर्न स्थानीय निकायलाई निश्चित प्रतिशत बजेट अनिवार्य रुपमा विनियोजन गर्नुपर्ने कानूनी व्यवस्था हुनुपर्छ ।

पूर्व प्राथमिक शिक्षा वा वालविकास केन्द्रको पढाइ अवधि १ वर्ष मात्र भएकोमा अवदेखि कमीतमा २ वर्षको हुनु पर्छ । पूर्व प्राथमिक शिक्षा एवं वालविकास केन्द्रको पाठ्यक्रम वर्तमान अवस्थामा नभएको हुदा आगामी वर्षदेखि पाठ्यक्रम र पाठ्यपुस्तक उपलब्ध गराउनु पर्ने हुन्छ ।

पूर्व प्राथमिक कक्षाको व्यवस्थापन गर्न निर्धारित न्यूनतम मापदण्ड अनुरुप भए नभएको सुपरिवेक्षण गरि न्यूनतम मापदण्ड पुरा गराउनु पर्ने अनिवार्य शर्तको व्यवस्था गरिनु पर्छ ।

वालविकास केन्द्र एवं पूर्व प्राथमिक कक्षा सञ्चालन गर्ने सहयोगी कार्यकर्ताको न्यूनतम पारिश्रमिक नेपाल सरकारले तोकि कुन कुन पक्षले कति व्यहोर्नु पर्ने हो प्रष्ट रुपमा कानूनमा उल्लेख गर्नु पर्छ ।

वालविकास केन्द्र एवं पूर्व प्राथमिक कक्षा सञ्चालन गर्ने सहयोगी कार्यकर्ता अनिवार्य रुपमा तालिम प्राप्त हुनु पर्ने र वार्षिक रुपमा पुनर्ताजगी तालिमको व्यवस्था हुनु पर्दछ । ३-५ वर्ष उमेर समूहका वालवालिकाहरूका अभिभावकहरूलाई चेतनामूलक अभिभावक शिक्षा प्रदान गर्नु पर्दछ भने वालविकास केन्द्र एवं पूर्व प्राथमिक कक्षा व्यवस्थापन समितिलाई व्यवस्थापन सीप सम्बन्धी तालिम अपरिहार्य रहेको छ ।

२० देखि ३० जना सम्म वालवालिकाहरू हुने गरी नक्शांकनको आधारमा लगभग आधा घण्टा भित्रमा वालविकास केन्द्रहरू अनिवार्य रुपमा स्थापना गर्नु पर्ने कानूनी व्यवस्थागरि स्थानीय निकायलाई जिम्वेवार वनाउनु पर्दछ ।

**५.२.२.कार्यान्वयन तह**

सरकारले तय गरेको नीतिलाई अक्षरस रुपमा कार्यन्वयन गराउने निकायले पूर्व प्राथमिक कक्षा एवं वालविकास केन्द्रमा अध्ययनरत वालवालिकाहरूका अभिभावकलाई शैक्षिक चेतनामूलक कार्यक्रममा सहभागी गराई वालवालिकाहरूको शिक्षा प्रति जिम्वेवार वनाउनु पर्ने हुन्छ । वालवालिकाहरूलाई खेलको माध्यमबाट सिकाइ हुन पूर्व प्राथमिक कक्षा एवं वाल विकास केन्द्रमा प्रयाप्त खेल सामग्री उपलब्ध गराउनु पर्ने हुन्छ ।

वालवालिकाहरूलाई आवश्यक पर्ने कापी, किताव, पेन्सिल विद्यालयले नै उपलब्ध गराउन आवश्यक वजेटको व्यवस्था गर्नु पर्दछ। कक्षा १ मा भर्ना गर्दा पूर्व प्राथमिक कक्षाको अनुभवलाई मुख्य आधार मान्नु पर्दछ।

वालविकास केन्द्रको निरीक्षण तथा सुपरिवेक्षण गरि नमूना वालविकास केन्द्रलाई पुरस्कृत गरिनुपर्छ । विद्यार्थीहरूको निरन्तर मूल्याङ्कन प्रणाली अनुरुप मूल्याङ्कन गर्ने र उनीहरूको सिकाइ स्तरमा सुधार गर्न शिक्षकलाई उत्पेरित गर्नु पर्छ । अभिभावकहरूसंग वालवालिकाहरूको शैक्षिक प्रगतिका वारेमा नियमित छलफल एवं परामर्श सेवा समेत संचालन गर्नु पर्दछ।

शिक्षकहरूको नियमित उपस्थितिमा जोड दिने र अनियमित हुने शिक्षकहरूको गयल खारेज सम्मको कारवाही गर्नु पर्दछ। वालवालिकाहरूलाई माया गर्ने एवं वालमनोविज्ञान वुझेका शिक्षकलाई तल्ला तहका कक्षाहरूको जिम्वेवारी दिने् र तल्लो तहको कक्षामा अध्यापन गर्न रुचाउने शिक्षकलाई विशेष प्रोत्साहन स्वरुप भत्ताको व्यवस्था गर्नु पर्दछ । अध्ययनबाट प्राप्त प्राप्तिहरू र सुझावहरू कार्यान्वयनका सम्बन्धमा सरोकारवालाहरू माझमा पुऱ्याउनु अपरिहार्य छ।

### ५.२.३.अनुसन्धान तह

३ देखि ५ वर्ष उमेर समूहका वालवालिकाहरूका लागि कस्तो किसिमको शिक्षण विधि उपयुक्त हुने हो ? सोको खोजीगर्न यसले घच्घच्याएको छ । पूर्व प्राथमिक कक्षा एवं वालविकास केन्द्रको कार्यक्रम १ वर्षे मात्र भएको र प्राय विद्यालयमा संचालन गरिएका वालविकासका कक्षालाई कमीतमा २ वर्षे वनाउन आफै प्रयास गरिरहेको छन् यस विषयमा अनुसन्धान सिघ्र रुपमा गर्नु आवश्यक छ । मूलुकभर स्थापना भएका वालविकास केन्द्र एवं पूर्व प्राथमिक कक्षाहरूले न्यूनतम मापदण्ड पुरा गरे नगरेको अध्ययन हुनु जरुरी छ। वालवविकास केन्द्र एवं पूर्व प्राथमिक कक्षाहरूको वर्तमान अवस्थाको अध्ययन गर्नुका साथै कक्षा १ मा अधिकांश विषय अध्यापन गर्ने शिक्षक एवं पूर्व प्राथमिक कक्षाको सहयोगी कार्यकर्ताहरूको शिक्षण गर्ने ज्ञान, सीप एवं क्षमताको अध्ययन गर्नु जरुरी छ । वालविकास केन्द्र एवं पूर्व प्राथमिक कक्षाको लागि उपयुक्त हुने पाठ्यक्रम र पाठ्पुस्तकको वारेमा अनुसन्धान हुनु आवश्यक छ।

वालविकास केन्द्र एवं पूर्व प्राथमिक कक्षाको व्यस्थापनले वालवालिकाहरूको सर्वाङ्गीण विकासमा के कस्तो टेवा पुगेको छ यसको अध्ययन हुनु समेत जरुरी छ।

# सन्दर्भसूची (References)


जोशी,डा.राधाकृष्ण, *(२०५२)पूर्व प्राथमिक शिक्षा विकासको निम्ति शिक्षा ।* CERID काठमाण्डौ ।

जोशी, डा. राधाकृष्ण, (२०५९) *प्रारम्भिक वालवालिकाहरुका लागि उपयुक्त सिकाइ सिद्धान्त, विकासको निम्ति शिक्षा ।* CERIDकाठमाण्डौ ।

मल्ल, कमलवदन, (२०५४) *प्रारम्भिक वाल्यवस्था शिक्षाका अवधारणा तथा मुद्धाहरु : एक विवेचना, विकासको निम्ति शिक्षा ,* CERIDकाठमाण्डौ ।

युनेस्को काठमाण्डौ (२००८) *नेपाल प्रारम्भिक वालनीति पुनरावलोकन अध्ययन प्रतिवेदन ।* काठमाण्डौ ।

शर्मा गोपीनाथ (२०४६) *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरु विद्यार्थी पुस्तक भण्डार ।* काठमाण्डौ ।

शिक्षा विभाग, (२०६२), *नेपालमा प्रारम्भिक वालविकास सम्बन्धी रणनीतिक पत्र ।* सानोठिमी भक्तपुर ।

श्रेष्ठ डा.किशोर, (२०५६) *नेपालमा प्रारम्भिक वालविकासकालागि भएका प्रयासहरु : एक विवेचना, विकासको निम्ति शिक्षा ।* CERID काठमाण्डौ ।

अधिकारी विष्णु प्रसाद (२०७१) *माध्यमिक शिक्षक (बढुवा) दिग्दर्शन,* आशिष वुक हाउस प्रा.लि. काठमाण्डौं ।

पाठ्क्रम विकास केन्द्र (२०६३) *राष्ट्रिय पाठ्यक्रम प्रारुप,* सानोठिमी भक्तपुर ।

अधिकारी विष्णु प्रसाद (२०७१) *वृहत शैक्षिक साान्य ज्ञान,* आशिष बुक हाउस प्रा.लि. काठमाण्डौं ।

शिक्षा ऐन, २०२८ एवं शिक्षा नियावली, २०५९ एवं शिक्षक सेवा आयोग नियावली २०५७, आशिष पुस्तक भण्डार काठमाण्डौं ।

खनाल, पेशल(२०६७) *शैक्षिक अनुसन्धान पद्धति,* काठमाण्डौं सनलाइट पब्लिकेशन ।

शर्मा, चिरन्जीवी र निर्मला(२०६३) *वालविकास र सिकाइ* एम.के.पब्लिशर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

# पूर्व प्राथमिक कक्षाको व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची १

## कक्षा १को विद्यार्थीलाई

नाम थर : विद्यालय

कक्षा उमेर

१. तिमी शुरुमा कुन कक्षामा भर्ना भयौ ?

........................................................................

२. तिमीलाई क ख A B C D लेख्न आउछ ?

आउछ भने लेख त ..............................................

३. तिमीलाई सधै स्कूल आउन मन लाग्छ ?

...........................................................................

४. परीक्षामा तिम्रो position कुन हो ?

.......................................................................

५. तिमीलाई विद्यालय आउन कति समय लाग्दछ ?

क) आधा घण्टा भन्दा कम ख) आधा घण्टा ग) आधा घण्टा भन्दा वढि

६. कक्षाकोठाहरुमा तिमीहरु वस्ने ठाँउ कस्तो छ ?

क) ठू-ठूला डेस्क वेन्च ख) स-सना डेस्क वेन्च ग) वस्न सजिलो हुने भूइ कार्पेटिङ्ग गरिएको ठाउँ

७. तिमीलाई सवभन्दा बढी मन पर्ने शिक्षक शिक्षिका को हो ? र उहाँलाई मनपर्नुको कारण के होला ?

...................................................................................

८. तिमीलाई मनपर्ने सरले कसरी पढाउनु हुन्छ ?

क) शैक्षिक सामग्री देखाएर ख) किताव हेरेर ग) खेल खेलाएर

९. तिम्रो विद्यालयमा के के भयो भने तिम्रो पढाइ अझ राम्रो हुन्थ्यो ?

.........................................................................................

.........................................................................................

.........................................................................................

# पूर्व प्राथमिक कक्षाको व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची २

## कक्षा १कोअभिभावकसँग

नामथर : ठेगाना :

१. तपाइले आफ्नो छेराछोरीलाईशुरुमा कुन कक्षामा पढाउनु भयो ?

...........................................................................................

२. तपाइको छोराछोरीलाई क ख लेख्न आउछ ?

...........................................................................................

३. तपाईको नानी सधैं विद्यालय जान मन गर्छ ?

...........................................................................................

४. पूर्व प्राथमिक कक्षा पढेर कक्षा १ मा भर्ना हुदा बालवालिकाको पढाइ राम्रो हुनुका कारणहरु के के हुन् ?

...........................................................................................

५. कक्षा १को सिकाई उपलब्धिमा बृद्धि गर्न के के कुराले प्रभाव पार्छ ।

...........................................................................................

६. बालवालिकाहरुलाई के गरेमा पढाई बिग्रन्छ ।

...........................................................................................

७. बालवालिकाको सिकाई उपलब्धि बढाउन सुझाव दिनुहोस् ।

...........................................................................................

८. तपाइको वच्चालई विद्यालय पुग्न कति समय लाग्छ ?

क) आधा घण्टा भन्दा कम ख) आधा घण्टा जति ग) आधा घण्टा भन्दा वढी

९. तपाइको विचारमा वच्चाको पढाइमा अझ सुधारगर्न के के गर्नु पर्ला ?

...........................................................................

# पूर्व प्राथमिक कक्षाको व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची ३

## एक अध्ययन प्रयोजनका लागि (सहयोगी कार्यकर्तासँग)

नाम : अनुभव वर्ष :

वालविकास केन्द्र :

१. पूर्व प्राथमिक कक्षाको अनुभव भएका र सोझै कक्षामा भर्ना भएका बालबालिकाहरु विचमा कस्तो फरक पाउनु भएको छ ?

..............................................................................................

२. तपाईले पढाउने वाल विकास केन्द्रको नाम के हो ?र किन वालवालिकाहरुलाई वालविकास केन्द्रमा पढाउनु पर्छ ?

.......................................................................

३. तपाइले वालविकास केन्द्र पढाएको कति वर्ष भयो ?

..................................................................................

४. समुदायका सबै ३ वर्ष देखी ५ वर्ष मुनिका वालवालिकालाई वालविकास केन्द्रमा ल्याउन के के गर्नु पर्छ ?

.......................................................................................

५. कक्षा १ को सिकाइ उपलब्धिमा बृद्धि गर्न के के कुराले प्रभाव पार्छ ?

.............................................................................................

६. बालबालिकाको पढाई के गरेमा बिग्रन्छ ?

..................................................................................................

७. पूर्व प्राथमिक र कक्षा १ मा पढ्न आउने वालवालिकाहरुलाई विद्यालय आउन कति समय लाग्दछ ?

क) आधा घण्टा भन्दा कम ख) आधा धण्टा ग) आधा घण्टा भन्दा वढि

८. तपाइले वालवालिकाको सिकाइ उपलब्धी न्यून हुनुको कारण के महशुस गर्नु भएको छ ?

..............................................................................................................

९. वालवालिकाहरुको सिकाइ उपलब्धि राम्रो वनाउन के गर्नु पर्ला ?

| शिक्षक | अभिभावक | वि.व्य.स. | जि.शि.का. |
|---|---|---|---|
| | | | |

# पूर्व प्राथमिक कक्षाको व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची ४

## कक्षा १को शिक्षक

नाम : शिक्षण अनुभव वर्ष :

विद्यालय :

१. कक्षा १माजम्मा वालवालिका कति जना छन् ?

वालविकास केन्द्र पढेर आएका कति ?

वालविकास केन्द्र नपढी सोझै आएका कति ?

२. वालविकास केन्द्र पढेर आएका विद्यार्थीको औषत शिकाइ उपलब्धी कति ?

वालविकास केन्द्र नपढनेको सिकाइ उपलब्धि कति ?

३. पूर्व प्राथमिक कक्षाकोअनुभव भएका र सोझै कक्षा १ मा भर्ना भएका बालबालिकाहरु विचमा कस्तो फरक पाउनु भएको छ ?

.............................................................................................................

.....

४. कक्षा १को सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरु के के हुन सक्छन् ?

.............................................................................................................

५. तपाईको विद्यालयमा पूर्व प्रथमिक कक्षाको व्यवस्था कसरी गरिएको छ ?

क) छुटै कक्षामा ख) कक्षा १ सँगै ग) कक्षा १ र २ सँगै

६. कक्षाा १मा पढ्न आउने वालवालिकाहरुलाई विद्यालय आउन कति समय लाग्दछ ?

क) आधा घण्टा भन्दा कम ख) आधा घण्टा ग) आधा घण्टा भन्दा बढी

७. बालबालिकाहरुको सिकाई उपलब्धिमा प्रभाव पार्ने सकारात्मक र नकारात्मक तत्वहरु के के हुन सक्छन् ?

.............................................................................................................

८. तपाइले वालवालिकाको सिकाइ उपलब्धि न्यून पाउनुको कारणहरु के महशुस गर्नु भएको छ ?

.............................................................................................................

९. वालवालिकाको सिकाइ उपलब्धी राम्रो वनाउन के गर्नु पर्ला ?

| शिक्षक | अभिभावक | वि.व्य.स. | जि.शि.का. |
|---|---|---|---|
| | | | |

# पूर्व प्राथमिक कक्षाको व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची ५

## एक अध्ययन प्रयोजनकोलागि (प्रधानाध्यापकसंग)

नाम थर :                    शिक्षण अनुभव वर्ष :                    प्र.अ.को अनुभव

विद्यालयको नाम :

१. पूर्व प्राथमिक कक्षाको अनुभव लिएर आएका र सोझै कक्षा १ मा भर्ना भएका वालवालिकाहरुमा वीचमा के फरक पाउनु भएको छ ?

क) ..........................................................

ख) ..........................................................

२. तपाइको विद्यालयमा पूर्व प्राथमिक कक्षाको स्थापना गरेको कतिवर्ष भयो ?

....................................................................................................

३. तपाइको विद्यालयमा कार्यरत सहयोगी कार्यकर्ता तालिम प्राप्त हुनुहुन्छ ?

क) छ                    ख) छैन

४. वालवालिकाहरु कक्षा १ मा भर्ना गर्नलाई कुन कुरालाई आधार वनाउने गर्नु भएको छ ?

क) ५ वर्ष पूरा भएका वच्चाहरु        ख) पूर्व प्राथमिक कक्षाको अनुभव लिएको

ग) शुरुमा भर्ना हुन आएका सवै वच्चाहरु

५. कक्षा १ का वालवालिकाहरुको नतिजा विश्लेषण गर्नु भएको छ ? छ भने नतिजा कसको राम्रो पाउनु भएको छ ?

क) पूर्व प्राथमिक कक्षाको अनुभव लिएर आएका        ख) सोझै कक्षा १ मा भर्ना हुन आएका

६. कक्षा १को सिकाइ उपलब्धि न्यून हुनुका कारणहरु के महशुस गर्नु भएको छ ?

क) ..............................................................

ख) ..............................................................

७. कक्षा १ को वालवालिकाहरुको सिकाइ उपलब्धि राम्रो वनाउन कुन कुन निकायले के गर्नु पर्ला

| शिक्षक | अभिभावक | वि.व्य.स. | जि.शि.का. |
|---|---|---|---|
| | | | |

# पूर्व प्राथमिक कक्षाको व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची ६

## एक अध्ययन प्रयोजनकोलागि (विद्यालय व्यवस्थापन समितिका अध्यक्षसंग)

नाम: वि.व्य.स.मा रहेर कामगरेको वर्ष :

१. तपाइको विद्यालयमा पूर्व प्राथमिक कक्षाको व्यवस्थापन गरिएको छ ?

क) छ ख) छैन

२. वालविकास केन्द्र नपढि आउने वालवालिकाहरुलाईकक्षा १ मा कस्तो व्यवस्था गरिएको छ ?

..........................................................................................................

३. विद्यालयको निरीक्षण अनुगमन गर्ने गर्नु भएको छ ? छ भने वर्षमा कति पटक गर्नु भयो ?

..........................................................................................................

४. कक्षा १ को लागि कस्तो किसिमको कक्षा कोठा विद्यालयले उपलब्ध गराएको छ ?

क) अति राम्रो ख) राम्रो ग) मध्यम घ) सवै भन्दा नराम्रो

५. कक्षा १ को वसाइ व्यवस्थापन कसरी गरेको पाउनु एको छ ?

क) लहरै राखेको ख) गोलो घेरमा राखेका ग) यू आकारमा

६. कक्षा १ को सिकाइ उपलब्धिका वारेमा छलफल गर्ने गर्नु भएको छ ? छ भने को संग गरेको छ ?

क) शिक्षक ख) प्र.अ. ग) विद्यार्थी घ) अभिभावक

७. कक्षा १को सिकाइ उपलब्धि न्यून हुनका कारणहरु के महशुस गर्नु भएको छ ?

क) ..........................................................................

ख) ..........................................................................

८. कक्षा १ को वालवालिकाहरुको सिकाइ उपलब्धि राम्रो वनाउन कुन कुन निकायले के गर्नु पर्ला ?

| शिक्षक | अभिावक | प्र.अ. | जि.शि.का. |
|---|---|---|---|
| | | | |

# पूर्व प्राथमिक कक्षाको व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची ७

## एक अध्ययन प्रयोजनकोलागि ( विद्यालय निरीक्षक/स्रोत व्यक्ति संग)

नाम : कार्य अनुभव वर्ष :

१. तपाईको जिल्लामा सामुदायिक विद्यालयहरुमा पूर्वप्राथमिक कक्षाको व्यवस्था गरिएको छ ?

क) छ ख) छैन

२. तपाईको विचारमा सबै वालबालिका पूर्वप्रथामिक/वालविकास केन्द्र अध्ययन गरेरनै कक्षा १ मा भर्ना हुन्छन् ?

………………………………………………………………………………………………

३. १ वर्षे पूर्वप्राथमिक कक्षा/वालविकास केन्द्र अध्ययन पछि कक्षा १ मा वालवालिकालाई भर्ना गर्दा उद्देश्य पुरा हुन्छ ?

………………………………………………………………………………………………

४. विद्यालयको निरीक्षण अनुगमन वर्षमा एउटा विद्यालयमा कति पटक गर्नु भएको छ ?

………………………………………………………………………………………

५. कक्षा अवलोकनको क्रममा पूर्व प्राथमिक कक्षा र कक्षा १ को कक्षा अवलोकन गर्नु भएको छ ?

………………………………………………………………………………………

६. पूर्व प्राथमिक कक्षा र कक्षा १ कोलागि कस्तो किसिमको कक्षा कोठा विद्यालयले उपलब्ध गराएको छ ?

क) अति राम्रो ख) राम्रो ग) मध्यम घ) सबै भन्दा नराम्रो

७. पूर्व प्राथकि कक्षाकोलागि छुट्टै कोठाको व्यवस्था गरेको छ ?

………………………………………………………………………………………

८. कक्षा १ को सिकाइ उपलब्धिका वारेमा छलफल गर्ने गर्नु भएको छ ? छ भने कोसँग गरेको छ ?

………………………………………………………………………………………

९. कक्षा १ को सिकाइ उपलब्धि न्यून हुनका कारणहरु के महशुस गर्नु भएको छ ?

क) ……………… ख) ……………

१०. कक्षा १ को सिकाइ उपलब्धि राम्रो वनाउन कुन कुन निकायले के गर्नु पर्ला ?

| शिक्षक | अभिभावक | प्र.अ. | वि.व्य.स. | जि.शि.का. |
|---|---|---|---|---|
| | | | | |

# पूर्व प्राथमिक कक्षाको व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची ८

## (जिल्ला शिक्षा अधिकारीसँग)

नाम : कार्य

अनुभव वर्ष :

१. तपाइको जिल्लामा सामुदायिक विद्यालयहरुमा पूर्व प्राथमिक कक्षाको व्यवस्था गरिएको छ ?

क) छ ख) छैन

२. तपाईको विचारमा सवै वालवालिका पूर्वप्रथमिक/वालविकास केन्द्र अध्ययन गरेर नै कक्षा १ भर्ना हुन्छन् ?

..........................................................................................................

३. १ वर्षे वालविकास कार्यक्रमको अध्ययन पछि कक्षा १ मा वालवालिकालाई भर्ना गर्दा वालविकासको उद्देश्य पुरा हुन्छ ? जब कि निजि विद्यालयमा नर्सरी, एल.के.जी., यू.के.जी. ३ वर्ष कक्षा १ मा आउनु अगाडी अध्ययन गराइन्छ ।

..........................................................................................................

४. विद्यालयको निरीक्षण अनुगमन वर्षमा एउटा विद्यालयमा कति पटक गर्नु भएको छ ?

..........................................................................................................

५. कक्षा अवलोकनको क्रममा पूर्व प्राथमिक कक्षा र कक्षा १ को कक्षा अवलोकन गर्नु भएको छ ?

..........................................................................................................

६. कक्षा १को सिकाइ उपलब्धि न्यून हुनका कारणहरु के महशुस गर्नु भएको छ ?

क) ............................

ख) ............................

७. कक्षा १ को वालवालिकाहरुको सिकाइ उपलब्धि राम्रो वनाउन कुन कुन नियकाले के गर्नु पर्ला ?

| शिक्षक | अभिभावक | प्र.अ. | वि.व्य.स. | जि.शि.का. |
|---|---|---|---|---|
| | | | | |